चौथो अध्याय

४. तुलसी 'अपतन'–को काव्ययात्रा र काव्ययात्राका चरणगत काव्य प्रवृत्ति

साहित्य सृजनामा आफ्नो जीवनको सार्थकता अनुभव गर्ने कवि तुलसी 'अपतन'–को काव्य यात्रा (सन् १९४३–१९९३) पूरा आधा शताब्दीको लामो तपस्या हो। नाम्चीमा शिक्षक हुँदा बनारसबाट काशीबहादुर श्रेष्ठको सम्पादनमा प्रकाशित उदय पत्रिकामा सन् १९४३ मा 'सक्छु' कविताको प्रकाशनबाट कवि तुलसी बहादुर छेत्रीको काव्य यात्रा शुरू भएको कुरो सबै समालोचक, अनुसन्धाताहरूले आदिले मानिलिएको पाइन्छ। उनको यही 'सक्छु' कविताको प्रकाशनलाई उनको कविता–यात्राको पहिलो माइल–खुट्टी मानेर यहाँ उनका काव्ययात्राका चरणहरू छुट्ट्याउने प्रयास गरिएको छ।

अन्तर्बाह्य परिवेश र परिस्थितिका छालहरूसँग हेलिंदै पेशागत उन्नतिस्वरूप नाम्चीबाट गान्तोक गएपछि उनले साहित्यप्रतिको आफ्नो प्रतिबद्धतालाई व्यावहारिकता प्रदान गर्दै आफ्ना सहकर्मी अगमसिंह तामाङ, पदमसिंह सुब्बा अनि निमा वाङदी तारगेनको सहभागितामा **अपतन साहित्य परिषद**–को स्थापना गरेर तथा कविता रचना एवम् प्रकाशन गरेर आफ्नो रचना एवम् प्रकाशन प्रक्रियालाई गतिशील तुल्याउँदै लगेको पाइन्छ। कवि तुलसी 'अपतन' पचासको दशकको पूर्वार्द्धदेखि पुराना परिपाटीको कविता रचना प्रक्रियालाई नौलो मोड़तर्फ अग्रसर गराउने काममा लागिपरेका पनि देखिन्छन्। कवि तुलसी 'अपतन'–को कवितायात्राको प्रथम चरण **के होला?** (सन् १९५९) कविता सङ्ग्रहको प्रकाशनसँगै टुङ्गिन्छ र उनी आफ्नो काव्य यात्राको दोस्रो चरणमा पाइला राख्छन्। यसरी सन् १९६० बाट शुरू भएको उनको काव्य यात्राको दोस्रो चरणले उनको **नहेर आज मलाई** (सन् १९७६) कविता सङ्ग्रह प्रकाशित भएपछि फेरि अर्को मोड़ लिएको देखिन्छ र सन् १९७७ देखि उनको काव्य यात्राले तेस्रो चरणमा प्रवेश गरेको पाइन्छ। यसरी अध्ययन अनुशीलन गरेर हेर्दा सन् १९४३ देखि सन् १९९३ सम्मको कवि तुलसी बहादुर छेत्री वा तुलसी 'अपतन'–को काव्य यात्रालाई साला–खाला रूपमा निम्नलिखित तीन चरणमा बाँड़ेर हेर्न सकिन्छः–

४.१ तुलसी 'अपतन'–का काव्य यात्राका चरणहरू

(i) पहिलो चरणः 'सक्छु' कविताको प्रकाशनदेखि **के होला?** कविता सङ्ग्रहको प्रकाशनकाल (सन्१९४३–सन्१९५९) सम्म।

(ii)दोस्रो चरण: के होला कविता सङ्ग्रहको प्रकाशनकालपछि देखि लिएर नहेर आज मलाई कविता सङ्ग्रहको प्रकाशनकाल (सन् १९६०-सन् १९७६) सम्म।

(iii) तेस्रो चरण: नहेर आज मलाई कविता सङ्ग्रहको प्रकाशनकालपछिदेखि बुद्धिबङ्गारो मिनी खण्डकाव्य सङ्ग्रहको प्रकाशनकाल (सन् १९७७-सन्१९९३) सम्म।

४.२ तुलसी 'अपतन'-का काव्य यात्राका चरणगत प्रवृत्तिहरू:

४.२.१ प्रथम चरणका कविता र चरणगत प्रवृत्तिहरू:

'अपतन' शीर्षक कवितामा ''साहित्य खाँबा दरिलो गरेर/पक्री सबैले अब लौ मिलेर/उत्साह आफ्नो मनमा भरेर/लागौं सुधार्मा न गरेर बेर''- भन्दै साहित्य सृजनालाई मातृभाषा र स्वजातिको सेवाको माध्यम बनाउन आह्वान गदै २३ वर्षको उमेरदेखि आफ्नो काव्य यात्रा शुरू गर्ने कवि 'अपतन' सन् १९४३ देखि नै कविता रचनाप्रति निष्ठावान रहेको कुरो **उदय** पत्रिकामा प्रकाशित 'सक्छु' कविताले प्रमाणित गरेको पाइन्छ। कवि तुलसी 'अपतन'-ले आफ्नो काव्य यात्रा शुरू गर्दा भारतको दार्जीलिङमा **सुधपा** जस्ता भाषा-साहित्यप्रेमीहरूको सत्प्रयासले **नेपाली साहित्य सम्मेलन**-को स्थापना (सन् १९२४) भइसकेको थियो र नेपाली भाषा-साहित्यले एक प्रकारले स्तरीयता हासिल गरेर समकालीन र उत्तरावर्ती भाषासेवी एवं कवि साहित्यकारहरूलाई पथ-प्रदर्शन गरिरहेको युग थियो। भारतीय नेपालीहरूको एउटा ठूलो आङ् **नेपाली साहित्य सम्मेलन** साहित्यिक संस्था धेरै दह्रिलो भइसकेको थियो।

सिक्किममा पनि नेपाली जातिको अस्मिता, अस्तित्त्व एवं संस्कृतिको संरक्षण र सम्वर्द्धनको आवश्यकता बोध गरी अगमसिंह तामाङ, पदमसिंह सुब्बा, तुलसी बहादुर छेत्री अदि निमा वाङदी तारगेन मिलेर सन् १९४७ मा **अपतन साहित्य परिषद**-को स्थापना गरी नेपाली भाषा र साहित्यको माध्यमद्वारा स्वजातिलाई अधिकारपूर्ण जीवन जिउने गरिमा प्रदान गर्न एउटा साहित्यिक मञ्च तयार गरेका थिए। **अपतन साहित्य परिषद**-का मूल स्तम्भ थिए तुलसीबहादुर छेत्री। यसरी **अपतन साहित्य परिषद**-को गठन भएपछि तुलसीबहादुर छेत्रीको कविता रचना कार्यले पनि नयाँ गति पाउन शुरू गरेको थियो। यस चरणमा रचिएका कवि तुलसी 'अपतन'-का कविताहरू तत्कालीन भारतका विभिन्न स्थानबाट प्रकाशित हुने **गोर्खा, उदय, प्रभात, सिद्धि, भारती,** प्रभृति पत्र-पत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन्। त्यस्ता कविताहरूमध्ये 'सरोजिनी',[१] 'ज्योति निभ्यो!

---

१. **गोर्खा**, (सम्पादक: टिकाराम), वर्ष ५, किरण १६, २३ अप्रेल १९४९, पृष्ठ, कालिम्पोङ

आदर्श रहोस्!!',[२] 'प्रभात'[३] आदि उल्लेखनीय रहेका पाइन्छन्। तुलसी 'अपतन'-का यस चरणका सालाखाला एक्काइसवटा फुटकर कविताहरू **अपतन साहित्य परिषद** सिक्किमबाट सन् १९५० मा प्रकाशित **इन्द्रकील पुष्पाञ्जलि** कविता सङ्ग्रहमा सङ्कलित एवम् प्रकाशित छन्। यसबाहेक सहकवि 'पद्म' र 'राम'-सँग मिलेर 'स्वदेशका निमित्तमा' र 'प्रहेलिकाहरूका उत्तर' शीर्षकमा कविताहरू; 'अगम' र 'पद्म'-सँगको सहलेखनको कविता 'प्रेम' अनि 'स्वागतम' पनि प्रकाशित छन् प्रस्तुत कविता सङ्ग्रहमा। यसरी सन् १९४३ देखि अपतन काल (सन् १९४७) सम्म रचिएका कवि तुलसी 'अपतन'-का प्रायः २५ वटा फुटकर कविताहरू **इन्द्रकील पुष्पाञ्जलि**-मा सङ्कलित र प्रकाशित छन्।

सन् १९५२ मा प्रकाशित पाँचोटा लामा-छोटा कविताहरूको सङ्कलन **बापू बन्दना** पनि तुलसी 'अपतन'-को काव्य यात्राको यही पहिलो चरणको रचना कृति हो।

सन् १९५६ मा **रामकृष्ण वेदान्त आश्रम**, दार्जीलिङबाट प्रकाशित **सङ्कल्प** कविता सङ्ग्रह तथा सन् १९५९ मा इन्द्रमणि प्रधान, पी० एम० प्रधान एण्ड सन्स, दार्जीलिङबाट प्रकाशित **के होला ?** कविता सङ्ग्रह पनि कवि तुलसीका यही पहिलो चरणका रचना-कृति रहेका देखिन्छन्। यसरी अध्ययन-अनुशीलन गरेर हेर्दा कवि तुलसी 'अपतन'-को काव्य यात्राको पहिलो चरण (सन् १९४३-१९५९) मा **इन्द्रकील पुष्पाञ्जलि** (सन् १९५०), **बापू-बन्दना** (सन् १९५२), **सङ्कल्प** (सन् १९५६), **के होला ?** (सन् १९५९) गरी जम्मा तीनवटा काव्य-कृतिहरूको प्रकाशन हुन सकेको देखिन्छ। **इन्द्रकील पुष्पाञ्जलि** (सन् १९५०) कविता सङ्ग्रहमा सङ्कलित-प्रकाशित अधिकांश कविताहरू नै तुलसी बहादुर छेत्रीका रहेका पाइन्छ।

कवि तुलसी 'अपतन'-का यस चरणका कविताहरू मूलतः सामाजिक, नैतिक-उपदेशात्मक, राष्ट्रप्रेमपरक प्रकृतिपरक, विद्रोहात्मक आदि विषयप्रधान रहेका पाइन्छन्। शिल्प शैलीको दृष्टिले विचार गरेर हेर्दा तुलसी 'अपतन'-का कविताहरू मूलतः शास्त्रीयवादी वा परिष्कारवादी अनि स्वच्छन्दतावादी प्रवृत्ति अँगालेर रचिएका पाइन्छन।

एउटा कविका प्रवृत्तिगत विशेषतामा विभिन्न प्रभाव र प्रेरणाको भूमिका हुन्छ। तुलसी 'अपतन'-को काव्य यात्राको प्रथम चरणका काव्यकृतिहरूको अध्ययन गर्दा उनका कविताहरूमा उनका पूर्ववर्ती र समकालीन कवि-लेखकहरूको प्रभाव र प्रेरणा रहेको देखिन्छ। कवि तुलसी 'अपतन'-ले बंगला भाषामा स्कूली शिक्षा ग्रहण गरेता पनि आफ्नी मुमाको मुखबाट भानुभक्तीय **रामायण**का श्लोकहरू सुनेर तथा धरणीधर शर्मा कोइरालाको **नैवेद्य** कविता सङ्ग्रहका कविताबाट प्रभावित र प्रेरित भई कविता रचनातर्फ

---

२. **उदय**, (सम्पादकः काशीबहादुर श्रेष्ठ, किरण ३-५), बनारस सन् १९४८.

३. **प्रभात**, (लैनसिंह बाङदेलः सम्पादक), कलकत्ता, जून १९५१,

उन्मुख भएको कुरा यसै शोधप्रबन्धको दोस्रो अध्यायको साहित्यमा प्रवेश, प्रभाव र प्रेरणा शीर्षक अन्तर्गत उल्लेख गरिएको छ। वस्तुतः आफूले बाँचेको वर्तमान, भोगेको यथार्थ, अनुभव गरेका खाँचोहरूलाई नै आफ्ना कविताको विषयवस्तु बनाएर कवि तुलसी 'अपतन'-ले कविता रचना गरेको देखिन्छ र यस्तै विषयवस्तुलाई काव्यात्मक अभिव्यक्ति प्रदान गर्न कवि तुलसी 'अपतन'-ले विभिन्न प्रवृत्तिहरू अँगालेको पाइन्छ। उनको पचास वर्षको काव्य यात्राको यस अवधि (सन् १९४३-१९५९) लाई पहिलो चरणका रूपमा लिनुको मुख्य आधार र औचित्य यस अवधिमा रचित तथा प्रकाशित कवितामा पाइने प्रवृत्तिगत विशेषताहरू नै हुन्। यस चरणका उनका कवितामा पाइने प्रवृत्तिका मूलभूत विशेषताहरूलाई यस प्रकारले वर्गीकृत गर्नु सकिन्छः-

(क) शास्त्रीयतावादी प्रवृत्तिहरूः

(अ) छन्द र अलंकारप्रतिको आग्रह

(आ) बौद्धिकता

(इ) भाषाको परिष्कृत रूप

(ई) नैतिक चेतना

(उ) उपदेशात्मकता

(ख) स्वच्छन्दतावादी प्रवृत्तिहरूः

(अ) राष्ट्रीय भावना

(आ) प्रकृतिप्रेम

(इ) अतीतको मोह

(ई) विद्रोहको आग्रह

(उ) जातीय-भावना

(ऊ) कल्पनाको प्राचुर्य

(ऋ) कवि एवम् काव्य प्रेम

(ग) समाजबोध

(क) शास्त्रीयतावादी प्रवृत्तिहरू

तुलसीमा शास्त्रीयताको परम सुन्दर निर्वाह भएको छ भन्ने ईश्वर बरालको भनाई छ।[४] शास्त्रीयतावादी प्रवृत्तिहरूले तुलसी 'अपतन' का प्रथम चरणका काव्य यात्रालाई एउटा छुट्टै स्थान प्रदान गरेको छ। छन्दबद्धता, आलंकारिकता, बौद्धिकता, परिष्कृत भाषाशैली, नैतिक चेतना, उपदेशात्मकता जस्ता प्रवृत्तिहरू अँगालेर कवि तुलसी 'अपतन'-ले यस पहिलोचरणमा कविता रचना गर्न संलग्न देखिन्छन्।

(अ) छन्द र अलंकारप्रतिको आग्रह

यस चरणका कवि तुलसी 'अपतन'-का एकाध कविता छन्दोबद्धताको पारम्परिकताले आक्रान्त छन् तर पछि पारम्परिकताको बन्धनबाट उन्मुक्त छन् उनका कविताहरू। **के होला ?** कविता सङ्ग्रहमा सङ्ग्रहित 'सिक्किम' शीर्षक कविता तोटक छन्दमा लेखिएको छ। उदाहरणार्थ:-

नयपाल र भोट र तिब्बतका
अनि पुण्य थला बुझ भारतका
बिच सानु मनोहर देश छ यो
अनि नाम चिटिक्क छ 'सिक्किम' यो।

त्यस्तै 'जरजरज भयो भने त छन्द पञ्चचामर' भन्ने सूत्रको परिपालन गरेर **संकल्प** कविता रचना गरेको पाइन्छ। जस्तै:-

बिहान सूर्य्यको अघी उटेर बस्छु मस्त भै।
उठाउँछु म दाजु-भाई गाउँछु म मृङ्ग झैं॥१॥
जगाउँछु म सुप्त यो स्वदेश आश आज नै।
हटाउँछु समाजको म अन्धकार आज नै॥ श्लोक २.

कवि तुलसी 'अपतन'-मा शास्त्रीय छन्द बाहेक झ्याउरे छन्दप्रतिको मोह पनि प्रबल रहेको पाइन्छ प्रथम चरणदेखि नै। जनकवि धर्मराज थापा दार्जीलिङ आउँदा उनको स्वागतार्थ लेखिएको कविता 'संझना' झ्याउरे छन्दमा लेखिएको छ। उदाहरणार्थ-

---

४. ईश्वर बराल, 'भूमिका', **हिमालचुली**, (दोस्रो संस्करण), वि॰ सं॰ २०२६.

यो प्रीति भोज आनन्द मोज आजको मिलन
हृदयभित्र भन्दछ मित्र केही त लेखन
सौभाग्य हाम्रो औधी नै राम्रो हुनाले यो दिन
देखियो आहा दैवको माया क्यै भन्न सक्तिनँ।

अलंकार प्रयोग उनको यस चरणको प्रवृत्तिगत विशेषताहरूमध्ये एउटा उल्लेखनीय विशेषता रहेको छ। सामान्यत: कवि तुलसी 'अपतन'-का कविताहरू भाव सम्पदामा केही शिथिल देखिए पनि अलंकार सम्पदामा पूर्ण छन्। उनका प्राय: कविता पनि अलंकारले शोभित भएको पाइन्छन्। यहा शब्दालंकारका केही उदाहरणहरू प्रस्तुत गरिन्छ:

(i) *''चञ्चल जल ढल पल पल बग्छ खुलुलु खोला''* - 'ल' कविता

(ii) *''भानुभक्तले आराम गरे, राम नाम रस घोली''* - 'साहित्यिक होली'

(iii) *''कच्चा पक्का 'हृदय' जाँचून 'ईश्वर' सरे अघाड़ी''* - ऐजन

(iv) *''शान्त नीरमा एक मराली छाँयासित दुइ बन्ली''* - 'अदृष्ट छाङ्गु'

(v) *''निर्दोष आँखा हुँदैनन् बाँका अमृत वर्षाउँछन्''* - 'बनश्री'[५]

यसरी तुलसी 'अपतन'-का कविताहरूलाई अलंकारले विशिष्ट सौन्दर्य प्रदान गरेको पाइन्छ। **भारती** वर्ष २, संख्या ६, दिसम्बर, १९५० (मङ्गसीर २००७), पृष्ठ २७३ मा प्रकाशित **'अनेकार्थक हरि'** शीर्षक कवितालाई श्लेष अलंकारको एउटा उत्कृष्ट नमूनाका रूपमा प्रस्तुत गर्न सकिन्छ। जस्तै:-

हरि गरजनमा हरि बोल्यो
हरि शब्द सुनी हरि दगुर्‍यो
पथमा हरिकन हरि मिलिगो
हरि करूणाले हरि बाँच्यो

(यहा हरि शब्द बादल; भ्यागुता; साँप; गरूड़ र विष्णु) का अर्थमा प्रयोग गरिएको छ र यसबाट माथि बादलको गर्जन सुनी तल पृथ्वीमा भ्यागुता कराउन थाल्यो। भ्यागुता कराएको शब्द सुनेर साँप दगुर्‍यो (आफ्नो आहारको आशामा) तर बाटामा साँपसित गरूड़को भेट भयो। (अब साँप पनि अघि जान सकेन- भ्यागुता खाने कुरा त परै जावोस उसलाई आफ्नै प्राण बचाउन मुश्किल पर्‍यो। गरूड़ पनि साँपलाई आफ्नो

---

५. पदमसिंह सुब्बा 'अपतन', दुई शब्द **इन्द्रकील पुष्पाञ्जलि**,(सम्पादक श्री शिवनाथ मिश्र अनि श्रीतुलसी बहादुर छेत्री), द्वितीय संस्करण (यथावत), आँकुरा प्रकाशन गान्तोक, १९९३

आहार बनाउन ठीक पर्‍यो तर...) श्री विष्णु भगवानको कृपा हुनगो उनी् आफ्नो वाहन गरूड़मा उहाँ अन्यत्र पाल्नु भो जसले गर्दा साँप, भ्यागुताको प्राण बाँच्यो भन्ने बुझिन्छ।]

त्यस्तै के होला ?-मा सङ्ग्रहित 'साथी' कविता पनि अनुप्रास अलंकारले सुन्दर एवम् रमणीय बन्न सकेको बोध हुन्छ। उदाहरणार्थ:

सारा सार समाज सम्पति सदा
साझी सम्झी सबै सुम्पनू
संसारी सुकिलो समस्त सुषमा
सम्हाल्दै संग्लिनू।
सौ सौ सम्भव स्वच्छ संगति सखा
संगीत शब्दावली।
सेवा सत्य समान सञ्चय सुधा
सौदामिनी सक्कली॥

सम्पूर्ण कवितामा नै स-को आदिनुप्रास पाइन्छ।

त्यस्तै कविता 'गीत होइन'-मा उपमा अलंकारको राम्रो उदाहरण पाइन्छ-

'संसार सागर छाल धेरै बेगले छल्कन्छ है
नाउ जीवन हल्ली-हल्ली ढल्मलिँदै बग्छ है।'

यहाँ आल्हादक सादृश्यता गराउने समानधर्मी संसार र सागर अनि नाउ र जीवनलाई लिइएको छ। संसार उपमान र सागर उपमेय अनि नाउ उममेय अनि जीवन उपमान बनेका छन्। समान धर्मी शब्द 'बेगले छल्कन्छ' अनि 'ढल्पलिँदै बग्छ' छन्। सादृश्यबोधक शब्दको अनुपस्थिति हुनाले पूर्णोपमा नभएर लुप्तोपमा हुनगएको छ।

पदमसिंह सुब्बा 'अपतन'-ले भने झैं तुलसी 'अपतन'-का कविताहरू प्राय: अलङ्कारहीन छ।

(आ) बौद्धिकता:

तत्कालीन परिस्थिति कल्पनाको सौन्दर्यमयी व्योम भ्रमणको नभई यथार्थबोधको आवश्यकता रहेको साहित्यलाई मनोरञ्जनको साधन होइन वास्तविकताको कलात्मक प्रतिवेदन बनाई जनमानस समक्ष प्रस्तुत गरेर सचेतताको शंखघोष गर्ने आवश्यकताले आतुरिएका कवि तुलसी 'अपतन' आफ्नो काव्य यात्राको

प्रथम पहरदेखि नै चिन्तनशील रहेका छन्। उन्नत समाजको कल्पनाले,मानवीय मूल्यबोधको स्थापनाले नैतिक पक्षलाई दह्रो पार्न कवि अपतन प्रयत्नशील रहेको देखिन्छ। उनको बौद्धिकता सरल र बोधगम्य पनि छ। आफू शिक्षक भएकाले सरल ढंगमा विषयवस्तुलाई प्रस्तुत गर्न र त्यहाँ बौद्धिक अभिव्यक्ति दिनु जस्ता विशेषता यस चरणमा कवि 'अपतन'–ले ग्रहण गरेका टडकारा प्रवृत्ति देखिन्छ। उदाहरणका निम्ति:

''बिन्दु बिन्दुले सिन्धु भरेको
सरल तत्त्व यो बुझ्दैनौं।
कण कण थुप्री पर्वत ठूलो
खड़ा भएको देख्दैनौं।

–'बुझ्दैनौं'

बौद्धिक दृष्टिकोणले जीवनलाई विश्लेषण गर्नुपर्ने आवश्यकतामाथि कवि 'अपतन'–ले विशेष जोड दिएको बोध हुन्छ। जस्तै:

जीवन पथका चौरस्तामा
कति जन अलमल पर्छन्
सुपथ विषयको ज्ञान हुँदैन
कतिले समय बिगार्छन्।

–'चौरस्ता'

(इ) भाषाको परिष्कृत रुपः

भाषिक सरलता कवि तुलसी 'अपतन'–को निजी विशेषता हो। यस चरणका उनका कवितामा प्रयुक्त भाषा शैली सरल, सहज एवम् परिष्कृत रहेको पाइन्छ। यसकारण कवि 'अपतन' सरल, परिष्कृत एवम् तत्कालीन प्रचलनमा रहेको भाषा प्रयोगमा आफ्ना पूर्वज तथा समकालीन कविहरूसँग कतै समकक्ष समकक्ष रहेको देखिन्छन् भने कतै केही अघि पुगेका देखिन्छन्। उदाहरण–

जय भगवान तिम्रो गुणगान
कसरी गरूँ म ?
घाम र वृष्टि यो सब सृष्टि
तिम्रै हो तमाम॥

–ईश बन्दना

(ई) नैतिक चेतनाः

सभ्यताको पाइला टेक्न थालेदेखि नै मान्छे नैतिकतालाई आवश्यक मान्दै आएको छ र त्यसकै आधारमा ठीक, बेठीक छुट्याउँदै आएको छ। साहित्यलाई नैतिक आँखाले हेर्ने चेष्टा धेरै अघिदेखि गरिँदै आएको हो। विवेकी मान्छेले साहित्यको उद्देश्य मनोवेगलाई उचाल्नु, कल्पनामा उड्नु वा मनोरञ्जन गराउनु मात्र हो भन्ने कुरा स्वीकार गर्न सकेन र उ त्यसमा नैतिकताको सुनौलो रंग हेर्न लालायित भयो। साहित्यकारहरूको विशेषता के हुन्छ भने उनीहरूका रचनामा नैतिक तत्त्व अन्तर्निहित हुन्छ र नै त्यो सुनमा सुगन्ध झैं भइदिन्छ। गेटे, टाल्सटाय आदिका र बाल्मीकि, व्यास आदिका कृति नै यसका प्रमाण हुन्।[६] यो कथन चरितार्थ हुनसकेको पाइन्छ तुलसी 'अपतन'-का प्रथम चरणका कविताहरूमा। त्यसैले कवि तुलसी 'अपतन'-का यस पहिलो भागका कविताहरूमा नैतिकता एउटा प्रबल प्रवृत्ति भएर प्रष्टिएको पाइन्छ। पाश्चात्य साहित्यमा यो प्रवृत्ति प्रायः बहिष्कृत भइसकेको भए पनि हाम्रो पूर्वीय साहित्यमा त्यसताक नितान्त आवश्यक थियो, युगको माग थियो र नै कवि तुलसी 'अपतन'-ले नैतिक धरातलमा कविता रचना गर्ने आवश्यक ठानेको बोध हुन्छ। केही उदाहरण:

(१) लौ आऊ बढ़दै जाउँ नानी हो, उन्नतिको पथमा
साँचो बोलौं सत्य कर्म ठानौं भित्री मनले।
-'गीत'

(२) सुन्दर रूप हुँदैमा जगमा
त्यो ठूलो भनिदैन
जब सम्मान सच्चरित्रताको
मधुर सरभि गम्कन्न ॥३ ॥
-'को ठूलो'

यसरी कविले विभिन्न पक्षबाट सदाचारको पाठ पढ़ाएको र नैतिक पक्ष दह्रिल्याउन सके मात्र मानवको सर्वपक्षीय विकास र आत्मशान्ति सम्भव हुन्छ भन्ने मानवोपयोगी विचार र भाव व्यक्त गरेको पाइन्छ उनकाकविता यात्राको पहिलो चरणका कविताहरूमा।

---

६. कृष्ण गौतम, 'भूमिका', **आधुनिक आलोचना अनेक रूप अनेक पठन**, साझा प्रकाशन, काठमाडौं, वि॰ सं॰ २०५०, पृष्ठ १.

(उ) उपदेशात्मकताः

शिक्षकसुलभ गुणका धनी तुलसी 'अपतन'–का कतिपय कविताहरू उपदेशात्मकताका बोझले गह्रौं भएको अनुभव हुन्छ भने कतै काव्यात्मक उपदेशले तुलसी 'अपतन'–को काव्य यात्राको प्रथम चरणलाई एउटा चिन्हारी प्रदान गरेको पनि देखिन्छ। उदाहरणका निम्तिः

पढ़िराख यै बेला नानी
विद्या नै अमूल्य धन जानी॥
पढ़ेर मान्छे सुखमा बस्छन्
सारा संसार तिनैमा निहुरन्छन्॥

(ख) स्वच्छन्दतावादी प्रवृत्तिहरू

कवि तुलसी 'अपतन'–को काव्य यात्राको यस चरणलाई संक्रमणकालको रूपमा लिनुपर्ने बोध हुन्छ। शास्त्रीयवादी शिल्पशैली र भावधारालाई अतिक्रमण गरेर स्वच्छन्दतावादी भावधाराका प्रवृत्तिहरू अँगाल्ने काम कवि तुलसीको यसै कालावधिमा भएको देखिन्छ। पुरातनभन्दा नवीनता प्रतिको आग्रह कविमा बढ़दै गएको पाइन्छ। फलस्वरूप रोमाण्टिक प्रवृत्तिहरूको समावेशमा उनका कविताहरूले काँचुली फेर्ने काम गरेको देखिन्छ। वस्तुतः यो काल सम्पूर्ण नेपाली साहित्यमा जम्माजम्मीमा रोमाण्टिक भावधाराको काल थियो। साहित्यका विभिन्न विधाहरूमा यसले प्रश्रय पाएर मौलिसकेको काल थियो। यहाँ कवि 'अपतन'–का उनका कवितामा पाइने स्वच्छन्दतावादी प्रवृत्तिहरूलाई निम्नलिखित ढंगमा अध्ययन गर्न सकिन्छः

(अ) राष्ट्रिय भावना

राष्ट्रिय भावना तथा राष्ट्रियता सम्बन्धी भावोद्‌गार पनि स्वच्छन्दतावादी प्रवृत्ति हो। राष्ट्रपिता महात्मा गान्धीको निधनले विचलित बनी रचना गरेको र सन् १९५२ मा प्रकाशित भएको तुलसी 'अपतन'–को **बापू–बन्दना** खण्डकाव्य राष्ट्रिय भावले ओतप्रोत भएको कृति हो। उदाहरण–

भारतको आलोक भनूँ वा
विश्व प्रकाशक दीप भनूँ?

पौराणिक यो कथा भनूँ वा
नयाँ कलाको शीप भनूँ? ॥४॥

-'के भनूँ' (बापू-बन्दना)

यसरी भारत राष्ट्रको मर्यादालाई वैरीको हातबाट खोसेर ल्याई राष्ट्रका निम्ति उत्सर्गित हुने बापूको प्रशंसा गरेर कविले आफ्नो राष्ट्रप्रेमको भाव प्रदर्शित गरेका छन्। उनका यस कालावधिका कविताहरूमा राष्ट्रिय प्रेमभावनाले प्रश्रय पाएका मात्र होइन। उनका कविताहरूको मर्म नै हुनगएको पाइन्छ।

(आ) प्रकृति प्रेमः

रोमान्टिसिज्मको प्रमुख प्रवृत्ति प्रकृतिप्रेमहो। प्रकृतिलाई विभिन्न दृष्टिकोणले हेर्ने र मनन गर्ने अंग्रेजी रोमान्टिक कवि वर्डस्वर्थ, कलरिज, शेली, बाइरन आदिद्वारा कवि तुलसी 'अपतन' प्रभावित र प्रेरित रहेका देखिन्छन्। रोमान्टिक कविहरू प्रकृतिलाई आत्मसात गर्छन्। उनीहरूका निम्ति प्रकृति नै अभिभावक हो, प्रकृति नै अदृश्य महान शक्ति हो, प्रकृति नै प्रेरणाको स्रोत हो र प्रकृति नै सृजना र सत्कर्मको मुहान हो अनि प्रकृति नै विध्वंशकारी शक्ति पनि हो र प्रकृति नै ज्ञानको भण्डार पनि हो। प्रकृति सम्बन्धी यही रोमान्टिक दृष्टिकोण तुलसी 'अपतन'-को काव्ययात्राका प्रथम चरणका काव्य कृतिहरूमा पनि पाइन्छ। उनको 'वनश्री' कवितामा उनले प्रकृतिलाई ज्ञानको भण्डारको रूपमा हेरोका र प्रकृतिलाई विशिष्ट शिक्षकको रूपमा स्वीकारेको पाइन्छ। उदाहरणार्थः

(२)

सिरिरि गरी सान्त्वना भरी के भन्छ समीर।
'संसार हो यो दुःख, सुखको बन है गम्भीर॥
'भुसुक' खोला रमाइलो होला शब्द नै सुनन्।
कर्तव्य आफ्नो मन्लाई गाँस्नु छिन्न न परन॥ श्लोक २.

(३)

खहरे सानु भन्दछ मानु 'तेजिलो नबन'।
जीवन हाम्रो चार्दिन राम्रो स्वचाल राख्न।
कोयल बोली किन्नरी होली कि नाग कन्या हो?
मन-सरिता बहाई उता रसिली धन्य हो॥ श्लोक ३.

यस्तै सिरिरि बहने समीर, खुलुल बग्ने खोला, खुलुल गर्ने खहरे जस्ता विभिन्न प्राकृतिक वस्तुहरूको प्रत्येक क्रियाकलापलाई मानव जीवनोपयोगी शिक्षा र ज्ञानको भण्डार ठानेका छन् यस चरणका कवि 'अपतन'-ले। कवि 'अपतन' प्राकृतिक सौन्दर्यलाई कवितामा चित्रात्मकता दिनमा पनि खप्पिस रहेका देखिन्छन्। जस्तै:

चञ्चल जल ढल पल पल बग्छ खुलुलु खोला।
पल्लव दल हल्लि हृदय छल्दछ छलि, होला॥
चुल्बुल हुल छुलछुल पर 'बुल्बुल' चरि हल्ली।
झल्मल फुल झुल्दछ अलि पल्लवित छ वल्ली॥९॥

–'ल'

डङ्गा नपिटि कर्मको माध्यमद्वारा आफ्नो परिचय स्थापित गर्नमा मानिसको महानता स्पष्टिन्छ भन्ने तथ्यको ज्ञान पनि प्राकृतिक वस्तुको महिमामण्डित क्रियाकलापले दिन्छ भन्ने सत्यतालाई कविले 'न भन काम गर' शीर्षक कवितामा प्रस्तुत गरेको पाइन्छ। उदाहरणार्थ:

रविशशिले के कहिल्यै भन्छन्
'ज्योति फिजाउछु मैले'
पृथ्वीले के भन्दछ कहिले
'अन्न उमार्दछु मैले?

(इ) अतीतको मोह:

अतीतको मोह स्वच्छन्दतावादको एउटा प्रवृत्ति हो। अतीतको सम्झनाले वर्तमानलाई सुखमय बनाउने प्रक्रियामा रोमान्टिक कविहरू रम्ने गर्छन्। तुलसी 'अपतन'-का पहिलो चरणका एकाध कविताहरूमा यो प्रवृत्तिले प्रश्रय पाएको छ। जस्तै:

साहै सुन्दर कल्पना सरि मिठो
आहा मजा के थियो।
हाँस्नु, खेल्नु सधैँ प्रसन्न रहनू
स्वर्गीय शान्ति थियो॥
नौलो ज्योति थियो दुवै नयनमा
निष्पाप चित्तै थियो।

ठूलो सानु सबै बराबर थियो
संसार स्वर्गै थियो॥
– 'बाल्यकाल'

(ई) विद्रोहको आग्रहः

साहित्यमा स्वच्छन्दतावाद अथवा रोमान्टिसिज्मको स्थापना नै शास्त्रीयतावाद तथा नवशास्त्रीयवाद प्रतिको विद्रोहको प्रतिफल हो। विद्रोहको आग्रह रोमान्टिसिज्मको एउटा प्रमुख प्रवृत्ति हो। कवि तुलसी 'अपतन'–का प्रथम चरणका केही कविताहरूमा विद्रोहका स्वर घन्केको पाइन्छ। यहाँ उनको काव्य यात्राको प्रथम चरणमा पाइने साहित्यिक विद्रोहको एउटा उदाहरण प्रस्तुत गरिन्छ। उदाहरण–

भाव र भाषा कैदी झै जहाँ रूँदछन् जेलमा
पुरानो ढाँचा चलन नयाँ माया झैं खेलमा
बन्धन तोड़ी छुटकारा दिई स्वाधीन आशामा
पखेटा चाली उड़ेर हिंड़े आनन्दी मेलमा
.....मेरो गीतले हृदय छोला
.....बाङ्गो टेड़ो न भने के होला?
–'के होला'

छन्दबद्धताको उन्मुक्तिको आग्रह तुलसी 'अपतन'–को कवि व्यक्तित्वको पहिलो चरणमा नै बढ़ी प्रखर भएको कुरो 'के होला' शीर्षक कविताको उक्त पद्यांशले स्पष्ट गर्छ। छन्द विधानको बन्धन तोड्न सके मात्र कवि आफ्नो विचार र भावलाई सम्पूर्णतामा अभिव्यक्ति दिन सक्छन्। यसैले छन्दबद्धताको परम्परागत मान्यता कविता लेखनमा तगारो र अड़चन भएको अनुभव छन्द मुक्त हुन सके भाव प्रकटमा सहज हुने थियो भन्ने विचार व्यक्त गरेको पाइन्छ। उदाहरणका निम्तिः

सब नाम यहाँ कसरी भरिने
जब बन्धन तोटक छन्द बने
झन लेखकको अति अल्प गुण
कति दृश्य अदृश्य बने बुझन।
–'सिक्किम'

(उ) जातीय भावनाः

जातीय भावना तुलसी 'अपतन'–का काव्ययात्राका प्रथम चरणका कविताहरूको प्रथम चरणको एक विशेष प्रवृत्ति रहेको छ। जाति उत्थानको निम्ति, जातिको अस्मिता र अस्तित्त्वको निम्ति नै सिक्किममा 'अपतन साहित्य परिषद'–को स्थापनामा सक्दो जाँगर देखाएर दृष्टान्त बन्नसक्ने उनको प्रत्येक क्रियाकलापमा यो भाव परिलक्षित छ। पं॰ धरणीधर शर्माको जातीय भावनाले कलिलै उमेरमा प्रभावित भएका कवि आफ्नो काव्य यात्राको प्रथम चरणदेखि नै जातीय भावनालाई अँगालेर कविता रचना गर्न बढ़ी रमेका देखिन्छन्। साहित्य एउटा त्यस्तो माध्यम तथा साधन हो जसले जातिलाई मर्यादित तुल्याउँछ भन्ने कुरामा कविको गहिरो विश्वास रहेको बोध हुन्छ। केही उदाहरणः

(१) *पुकार हो यो सुन दाजु भाई।*
दिदी र बैनीहरू लौ रमाई॥
गरौं मलाई मन चित्त लाई।
साहित्य सेवा मनमा चिताई॥
–'पुकार'

(२) *चरित्रवान छौ भने सुधार आफ्नु जातियो।*
गमक्क गम्कि ब्यर्थमा पृथक न सम्झ बन्धु हो॥
धनी भए सहायता सुयोग्य पात्र लाई लौ।
दिएर नाम धर्म यश् लिएर देश भक्त ह्वौ॥
–'बन्धु हो'

(ऊ) कल्पनाको प्राचुर्यः

कल्पनाको प्राचुर्य रोमान्टिसिज्मको अर्को प्रमुख प्रवृत्ति हो। उच्चाटलाग्दो यथार्थबाट कल्पनाको संसारमा रमणीय रम्ने गर्छन् रोमान्टिक कविहरू। स्वस्थ कल्पनाले जीवन जिउनुको साधन बटुल्ने कुरामा विश्वस्त हुन्छन् यिनीहरू। रोमान्टिसिज्मको यो प्रवृत्ति तुलसी 'अपतन'–को कविताहरूमा उनको काव्ययात्राको प्रथम चरणदेखि नै प्रखर रूपमा रहेको पाइन्छ। छाङ्गु सरोवरको मनमुग्धकारी सौन्दर्यलाई कल्पनामा नै सजाएर यसको कवि तुलसी 'अपतन'–ले 'अदृष्ट छाङ्गु' शीर्षक कवितामा यसरी अभिव्यक्ति दिएको पाइन्छः

मधुर कल्पना सपना विपना
छाङ्गु मनोहर चित्र।

किन त्यो हेरी बिगार्नु छ फेरी
रहोस सधैं बिचित्र ॥

-श्लोक ४

* * *

जलका धारा बाङ्गा टेड़ा
झर्ला झरझर गर्दै ।
बग्ला छाँगो स्वच्छ दूधाको
हल्ली भन्ला हेर्दै ॥

-श्लोक ६

* * *

मृगका पाठा बाँदर बाटा
मिथुन दगुर्ली जंग्ली ।
सुमधुर धारी कोकिल पारी
को हो ? को हो ? भन्ली ॥

-श्लोक ९

* * *

अंग्रेजी रोमान्टिक कवि वर्ड्सवर्थको 'यारो अनभिजिटेड' (Yaro Unvisited) बाट नै यो कविता रचना गर्ने प्रेरणा पाएको कुरा कविले स्वीकारेको पाइन्छ। कविकै शब्दमा-''यसमा वर्णित प्राकृतिक छटाको मनोहारिताको सृजनामा वर्डसवर्थको काल्पनिक उड़ान मेरो निम्ति नैसर्गिक आनन्दको मुहान भएको थियो। यसैको प्रेरणामा 'अदृष्ट छाङ्गु' अनि उनकै अर्को कविता 'यारो भिजिटेड' पढ़ेर 'दृष्ट छाङ्गु' लेखे।''[७] यस परम्परालाई 'अपतन साहित्य परिषद'-का अर्का सदस्य कवि राम 'अपतन'-ले कायम राखेका छन्-'अदृष्ट कनका' र 'दृष्ट कनका' लेखेर।

(ऋ) कवि एवम् काव्य प्रेमः

कवि र कवितालाई कविताको विषय बनाउनु पनि स्वच्छन्दतावादी प्रवृत्तिहरू हो। तुलसी 'अपतन'-को काव्ययात्राको प्रथम चरणका कविताहरूमा यो प्रवृत्ति पाइन्छ। दृष्टान्तस्वरूप 'साहित्यिक होली' कवितालाई

७. शोधकर्ताले ३/११/२००२ को दिन कवि तुलसी 'अपतन'-सँग लिएको अन्तर्वार्ता।

अघि सार्न सकिन्छ। यस कवितामा कवि 'अपतन'–ले कवि तथा साहित्यकारहरूको विशेषता र योगदानको महत्त्वलाई काव्यात्मक रूपमा अभिव्यक्ति दिएको पाइन्छ। उदाहरण:

खेलौं सबले हर्ष मनाई यो साहित्यिक होली।
'भानुभक्त'–ले आरम्भ गरे, राम राम रस घोली॥

–'त्यो साहित्यिक होली'

त्यस्तै 'कवि र दुनियाँ' शीर्षक कवितामा कवि 'अपतन'–ले कविमा हुने दक्षता, योग्यता र उसको महानता विषय स्पष्ट पारेको पाइन्छ:

ज्वाला ली मन वेदनासित सँधै
खेल्ने र बोल्ने कवि।
अर्काका हित विश्व–दर्शन सरी
मथ्ने र घोल्ने कवि॥

'संझनाले' शीर्षक कवितामा कवि तुलसी 'अपतन' साहित्यकार रूपनारायण सिन्हाको मृत्युले नेपाली समाज र साहित्यमा पुऱ्याएको अपूरणीय क्षतिको वर्णन गरेका छन्। सिन्हा आज हामीमाझ नभए पनि आफ्नो कृतिद्वारा उनी सबैका सम्झनामा आलो र जीवित छन् भन्ने भाव व्यक्त गरेका छन् कवि 'अपतन'–ले।

यिनीहरूका अतिरिक्त कवि तुलसी 'अपतन'–ले नारीको महत्तालाई समाजमा स्थापित गरेर मर्यादित तुल्याउने आह्वानलाई पनि आफ्नो कवितायात्राको प्रथम चरणदेखि नै एउटा प्रवृत्तिका रूपमा लिएको देखिन्छ। जस्तै:

छल छल छल्की पृथ्वी तलमा
सृष्टि छ तिम्रो कार्य्य जगतमा
प्रेम स्नेहको सरितामनमा
शान्ति सुधाको हारी
नारी विश्व छहारी॥
दु:ख शोकको चल्दा भुँवरी
मानव उरको क्रन्दन लहरी
उद्भासित भै क्रान्ति पगरी

गुँथ्ने निर्भय भारी

नारी विश्व छहारी ॥

–'नारी विश्वछहारी'

त्यस्तै 'नारी' कवितामा नारीको त्याग, उत्सर्ग र बलिदानमा विश्व अड्केको छ भन्ने भाव प्रकट हुनसकेको पाइन्छ। उदाहरणार्थ

''गान्धी महात्मा'' ''गौतम बुद्ध''

''तुलसी'' ''गोसाइ'' पारी।

मानिसलाई ईश रूपमा

गढ्ने अद्भुत नारी।

–'नारी'

यी महान व्यक्तित्वहरूद्वारा प्रचारित र प्रसारित मानवता, प्रेम र सद्भावना, धर्मको आधारमा नै मानवले पाशविक प्रवृत्तिबाट उन्मुक्ति लिएर जीवनको सामीप्य प्राप्त गरेकोले नै आज यो विश्व र मानव जातिको अस्तित्व कायम छ। यसको सुदक्ष कारीगढ़को रूपमा नारीलाई पाउँछन् कवि।

यसरी तुलसी 'अपतन'–को कवितायात्राको प्रथम चरणका उक्त विभिन्न प्रवृत्तिहरूको समावेशले यस कालावधिका उनका कविताहरू सफल छन्। प्रवृत्तिगत विशेषताहरूका आधारमा कविले यो चरणका कविताहरूलाई आफ्नो भावाभिव्यक्तिको सबल माध्यम बनाउनुसकेका छन्।

(ग) समाजबोधः

उक्त दुवै धाराहरूका कविताहरूमा समाजबोधको भाव प्रबल रहेको हुनाले यहाँ त्यसको छुट्टै चर्चा गर्ने प्रयास गरिएको छ। युगद्रष्टा र युगस्रष्टा मानिने कवि–साहित्यकारहरूले समाजलाई उचित मार्ग निर्देश गरेका हुन्छन्। उनीहरूकै सचेष्टामा समाजको, जातिको अस्तित्त्व निश्चित हुनेगर्छ। ग्रीक दार्शनिक प्लेटोले (४२८–३४८ बी॰ सी॰) आफ्नो कृति **द रिपब्लिक (The Republic)** मा कविता कविहरूका अचेतन अवस्थाको उपज भनी समाज वा राष्ट्र गठनमा कवि साहित्यकारहरूको कुनै उत्तरदायित्व नरहेकोले उनीहरूका ठोस भूमिका हुँदैन भन्दै उनले कविहरूलाई उनको आदर्श गणराज्यमा कुनै स्थान छैन भनेका थिए। जुन दिन कविहरू सचेत भएर एक आदर्श नागरिकको हैसियतमा समाजप्रतिको उत्तरदायित्व आफ्नो कृतिहरूका माध्यमद्वारा वहन गर्छन् त्यस दिन फेरि उनीहरूलाई आदर्श गणतन्त्रमा स्वागत छ पनि भनेका थिए। यो

दार्शनिक विचारले मर्मले र समाज माझको गहनतम सम्बन्ध, समाजप्रति कविको कर्तव्य र उत्तरदायित्व आदि स्पष्ट पारेको छ। यहाँ वैचारिक गहनताको सापेक्षतामा कवि तुलसी 'अपतन'-को प्राथमिककालीन काव्यकृतिमा पाइने समाजबोधको भावनात्मक अभिव्यक्ति मननयोग्य छ। यही भावभूमिमा नै उनको कवि व्यक्तित्व सर्वप्रथम साहित्य सृजनातर्फ आकृष्ट भएको सत्य कुरालाई कवि स्वयम्ले लेखेका छन्-''मेरो पनि हातमा पर्नगएको पहिलो पुस्तक नै थियो 'नैवेद्य'-कवि धरणीधर शर्माका कविता संग्रह। अरे! कस्तो सजिलो कविता। कति रमाइला शब्दहरू, कस्तो हृदयलाई स्पर्श गर्ने विचार र भावना। म मक्ख परें। याद गरिरहनु नपर्ने, घोकिरहनु नपर्ने। एकपल्ट पढ्यो भने नै कण्ठ हुने। मलाई आनन्द लाग्यो। मैले रवीन्द्रनाथ पढ़ेको थिएँ, मधुसुदन पढ़ेको थिएँ औ पढ़ेको थिए, माहितलाल, यतीन्द्रनाथ र नजरूल, महादेवी बर्मा, मैथिलीशरण, नेपालीजी आदि र अंग्रेजीका शेली, वर्ड्सवर्थ, मिल्टन, शेक्सपियर आदि। तिनीहरूका कविता गहन थिए, कवितात्मकताले परिपूर्ण थिए- आनन्ददायक थिए तर धरणीधरको जस्तो सिधै मुटुमा पुग्ने, कर्तव्यलाई आँखा च्यातेर औल्याइदिने थिएनन्। कहाँ कहाँ कता कता मेरो कल्पना वा भावनामा मैले गर्नखोजेको जस्तो मैले नै देखेजस्तो समाजको वर्णन यहाँ पाएँ।''[८] यसरी कल्पनामा देखेको आदर्शसमाज निर्माण गर्न अब कवि तुलसीबहादुर छेत्रीले (तुलसी 'अपतन') माध्यम बनाएको पाइन्छ।

एउटा जातिको सर्वाङ्गीन विकासको निम्ति उसको समाजको सम्पन्नताले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। सामाजिक चेत प्रत्येक व्यक्तिको अस्मिता र अस्तित्वका निम्ति जिउनुका निम्ति अक्सिजनको महत्त्व भएझैं महत्त्वपूर्ण हुन्छ। समयक्रममा समाजमा आएको विकृति, अनैतिकता, कुसंस्कारहरूबाट समाजलाई शुद्धि गर्नु, परिष्कार र संस्कार प्रदान गर्नु प्रत्येक व्यक्तिको कर्तव्य र उत्तरदायित्व हुन्छ। यही चेतना भएका सचेत कवि तुलसी 'अपतन'-ले साहित्यलाई सामाजिक सुधार गर्ने र नवजागरणको शंखघोष गर्ने विषयका रूपमा लिएको पाइन्छ। उदाहरणका निम्ति उनको 'सङ्कल्प कविताका केही पङ्क्तिहरूलाई यहाँ उद्धृत गर्न सकिन्छ:

पढ़ौं विद्या गरौं सेवा देश समाजको
आफ्ना लक्ष्य ताकी बढ़ौं राखी मन चोखो
लौ आऊ बढ़ूदै जाऊँ साथी हो उन्नतिको पथमा॥

---

८. तुलसी बहादुर छेत्री, 'कवि धरणीधर : एक संस्मरण', **दियालो** (धरणीधर विशषांक), सम्पादक : भरत यादव र रामलाल अधिकारी, नेपाली साहित्य सम्मेलन दार्जीलिङ प्रकाशन, वर्ष १९ : हाँगो ९०, ९१, ९२ पृष्ठ ४९.

अज्ञान औ अशिक्षाको जरै अफालौं
सूर्य सरी ज्योति छरी विश्व उज्यालौं
लौ आऊ बढ्दै जाउँ साथी हो उन्नतिको पथमा॥

उनले शिक्षा प्राप्तिको निम्ति जन-चेतनालाई घचघचाएर बौरी उठाउने सत्प्रयास मात्र होइन ईश्वरसँग प्रार्थना पनि गरेका छन्:

विश्व विधाता हे भगवान!
विद्या, शन्ति र सज्जनताको दिनूहोस् बरदान॥

-'प्रार्थना'

सानै छँदा बुबाको मृत्युले आर्थिक विपन्नताको चपेटमा नै मेट्रिकसम्म पढ़ेका कवि बेकारी अवस्थामा कमानको राइटर (क्लर्क)-को नोकरी पाउँदा पनि त्यसलाई ग्रहण नगरेर शिक्षक नै बन्न पुग्नुको कारण पनि विद्या तथा शिक्षालाई नै जीवन जिउने क्रममा महानतम साधनको रूपमा स्वीकार गर्नु हो भन्ने बुझिन्छ। उनको 'विद्या' कवितालाई यसको राम्रो उदाहरणका रूपमा लिन सकिन्छ। जस्तै:

''साथी हो लौ पढ़ौं पढ़ाऔं
भई विद्वान समाज सुधारौं।''

पं० धरणीधर शर्माको लेखनी र साहित्यिक व्यक्तित्वबाट प्रभावित तुलसी 'अपतन'-ले पण्डितजीको सुपरिचित कविता 'साहित्य सुधा'-को भावलाई आफ्ना यस अवधिका अधिकांश कविताहरूका मर्म बनाउने प्रयास गरेको बोध हुन्छ। समाजसुधार र यसको उत्थानको निम्ति बहुविध प्रयासान्तर्गत शिक्षाको प्रचार र प्रसारको आग्रह राख्ने कवि तुलसी 'अपतन'-को यसताक लिखित, मञ्चित र पछि प्रकाशित **कमल** नाटक एवम् **बिजय** एकांकी आदिमा प्रतिपादित विषय वस्तुको भाव पनि यस्तै यस्तै रहेको पाइन्छ। यसै सन्दर्भमा कविको समाजप्रतिको कटिबद्धता 'सकूँ' कवितामा पनि मुखरित हुनसकेको छ। जस्तै

'गर्न सकूँ निज देश समाज र
बान्धवको उपकार।
हेर्न सकूँ सब दीन दु:खीको
क्लेष तापको भार॥१॥

'अन्त को?', 'भानुभक्त' जस्ता कविताहरू पनि यस सन्दर्भमा उल्लेखयोग्य रहेको पाइन्छ:

''जसको मनमा मानवताले
अबिरल स्रोत बहन्छ।
दीन दु:खीको आर्त्तनादले
जसको मन पग्लन्छ॥६॥

स्वार्थभावना फन्दाबाट
जो हरदम तर्कन्छ।
जनहिताय जो उदारता ली
प्रेम सिन्धु पौड़न्छ॥७॥

देश, समाज र जन्मभूमिको
जो उन्नति चाहन्छ।
ठूलो उही जगतमा, साथी,
उ माननीय गनिन्छ॥८॥

'समाज दीन-हीन थ्यो अयोग्य अन्धकारमा।
समस्त छिन्न-भिन्न थ्यो विलुप्त जीत हारमा॥
सुशान्तिको नयाँ छटा नवीन भानु देखियो।
र काट मार लूटको विचित्र चित्र पल्टियो॥

-'भानुभक्त'

समाजको समुन्नतिको निम्ति उत्सर्गको भावना आवश्यक छ भन्ने कुरा **के होला**-मा संकलित 'साथी' कवितामा अभिव्यक्त हुन सकेको पाइन्छ। जस्तै:

''सारा सार समाज सम्पति सदा
सम्झी सबै सुम्पनू
संसारी सुकिलो सम्पति सदा

सम्हालदै संग्लिनू।

सौ सौ सम्भव स्वच्छ संगति सखा
संगीत शब्दावली।
सेवा सत्य समान सञ्चय
सौदामिनी सक्कली॥

भारतेली नेपाली साहित्यमा तुलसी 'अपतन'-का पूर्ववर्ती र समकालीन कविहरूका कवितामा पनि समाजबोधको यो वैचारिक धरातल पाइन्छ। उदाहरणका निम्ति:

''जाग जाग अब जागन जाग।
लाग उन्नतिविषे अब लाग॥
घोर नींद अब ता परित्याग।
भो भयो अति सुत्यौं अब जाग॥[९]

तुलसी 'अपतन'-का समकालीन अगमसिङ्ग तामाङको निम्नोद्धारित कविता पंक्तिको भावले तुलसी 'अपतन'-को भावधारासँग सामञ्जस्य राख्छ-

''गरी समाजको सुधार मातृभूमिको पनी।
गरेर जातिको भलाई भक्त देशको बनी॥
कसी कमर् अघी बढ़ी सहेर कष्ट विश्वमा।
लड़ी, मरी, घुँड़ा घसी चलाऊ नाम लोकमा॥[१०]

यसरी जातिको वास्तविक समाज-चित्रण इतिहासमा भन्दा साहित्यमा पूर्ण तथा सत्य पाइन्छ।[११] भन्ने तथ्यको मर्म बुझेका तुलसी 'अपतन'-ले कवितालाई समाजबोधको वाहकको रूपमा लिएका छन् भन्न सकिन्छ। सामाजिक चेतको भावलाई कवितात्मक स्वरूप दिएर दृश्यवान बनाउने प्रयत्नमा उनले काव्य यात्राको प्रथम चरणको ठूलो हिस्सा खर्चेका छन्।

---

९. पं० धरणीधर शर्मा कोइराला 'उद्बोधन', **नैवेद्य,** (१६ औं संस्करण), नेपाली साहित्य सम्मेलन प्रकाशन, दार्जीलिङ, वि० सं० २०५०, पृष्ठ २७

१०. श्री 'अगम', 'निवेदन', **इन्द्रकील पुष्पाञ्जलि**, (द्वितीय संस्करण यथावत,सम्पादक, श्री शिवनाथ मिश्र, श्री तुलसी बहादुर छेत्री), आँकुरा प्रकाशन, सन् १९९३, पृष्ठ १४.

११. यदुनाथ खनाल, **समालोचनाको सिद्धान्त**, (तेस्रो संस्करण), साझा प्रकाशन, काठमाडौं, वि० सं० २०३०, पृष्ठ २८.

४.२.२ दोस्रो चरणका कविता र चरणगत प्रवृत्तिहरू:

कवि तुलसी 'अपतन'-को कविता-यात्राको दोस्रो चरण सन् १९६०-१९७६ सम्मको लगभग सोह्र वर्षको अवधिलाई मात्र सकिन्छ। **के होला?** कविता सङ्ग्रहको प्रकाशनकाल (सन् १९५९) पछिदेखि **नहेर आज मलाई** (सन् १९७६) सम्मको समयावधि नै कवि तुलसी 'अपतन'-को काव्य यात्राको दोस्रो चरण हो। **के होला?** कविता सङ्ग्रहको प्रकाशनपछि कवि तुलसी 'अपतन'-को कविता रचनामा नयाँ गति आएको बोध हुन्छ। यस चरणमा कवि तुलसीले पाइला चाल्दै गर्दा नेपाली कविता रोमान्टिक धाराबाट प्रयोगवादी धारा हुँदै आयामिक लेखनतर्फ लम्कन लागेको थियो, लम्कँदै थियो। यस अवधिमा कवि तुलसी 'अपतन' दार्जीलिङ सरकारी महाविद्यालयको नेपाली विभागको विभगाध्यक्षको पदमा रही अध्यापनमा लागेका थिए भने नेपाली साहित्य सम्मेलन, दार्जीलिङको मुखपत्र **दियालो**को सम्पादन कार्यमा पनि संलग्न थिए। यसै अवधिमा उनकी परमपूजनीया ममतामयी आमाको देहान्त भएको थियो (सन् १९५९)। मातृवियोगको चोट खप्नुपरे तापनि कवि तुलसी 'अपतन'-ले आफ्नो कवि-कर्मलाई पूरै त्यागेको देखिन्न र मातृ-वियोगको पीर व्यथा सहन गर्दै केही मन्द वा सुस्त गतिमै भए पनि उनी कविता रचनामा सक्रिय नै रहेका देखिन्छन्। यस समयावधिमा रचिएको उनका फुटकर कविताहरू **दियालो, भारती, साहित्य संगम, प्रतिध्वनि, भालेको डाक,**आदि पत्र-पत्रिकामा प्रकाशित भएका पाइन्छन् भने यस चरणको उनका पुस्तकका रूपमा प्रकाशित कृति चाहिँ **नहेर आज मलाई** एउटै मात्र रहेको पाइन्छ।

'पहिले शब्द र छन्द अघि-अघि दगुर्थे- भावना डोऱ्याइन्थ्यो। कल्पना लुरू लुरू पछि पछि हिँड्दथ्यो। अहिले भावना अघि अघि छ कल्पना रंग भर्छ वेग दिन्छ। शब्द, छन्द र लय पछि पछि लाग्दछन्।'-भनेर **नहेर आज मलाई** कविता सङ्ग्रह (१९७६)-को 'दुई शब्द'-मा सन् १९६० देखि १९७६ सम्मको सोह्र वर्षे काव्ययात्रामा प्राप्त गरेको काव्यात्मकताको परिवर्तित शैलीको उद्घोषणा गरेको पाइन्छ कवि तुलसी 'अपतन'-ले। यसलाई उनको काव्ययात्राको दोस्रो चरणमा आएको नयाँ मोड़का रूपमा लिन सकिन्छ। यस दोस्रो चरणका उनका कविताहरूमा कलापक्षले भन्दा भाव-विचार पक्षले पखेटा फिँजाएको देखिन्छ।

यस कालावधिमा कवि तुलसी 'अपतन' पहिलो चरणका जस्ता देखिनन्। किनभने यस बेला भारतेली नेपाली साहित्यमा 'तेस्रो आयामको स्थापना हुने थियो। 'तेस्रो आयाम' मूलत: जीवन सम्बन्धी एकल्काँटे मान्यताको विरोधमा, 'चेप्टो' साहित्यको विरोधमा मान्छेको जीवनको समग्रता प्रस्तुत गर्ने 'गोलो' साहित्यको घोषणा हो।[१२] त्यसैले परम्पराबाट भंगालिएर लेख्न थालिसकेका भए पनि तुलसी

१२. रमेश श्रेष्ठ, **नेपाली कविताको प्रवृत्ति**, साझा प्रकाशन, काठमाडौं, वि॰ स॰ २०३५, पृष्ठ १६५.

'अपतन'-को निम्ति यो एउटा अन्योलको स्थिति भएको थियो। यसबाहेक शिक्षण पेशाको व्यस्तता, नेपाली साहित्य सम्मेलनको पदभार, दियालो पत्रिकाको सम्पादनको उत्तरदायित्व सम्हाल्नु परेको थियो। यसबेला उनकी परमपूजनीया आमाको मृत्युको असहनीय चोट पनि खूब सहनु परेको थियो। त्यसैले उनका कवितायात्राको यस दोस्रो चरणमा बीचबीचमा फुटकर कविताको प्रकाशन हुँदै गएको पाइए तापनि पुस्तकका रूपमा भने यस दोस्रो चरणमा उनको **नहेर आज मलाई** एउटै मात्र कविता सङ्कलन सन् १९७६ मा **नेपाली साहित्य सम्मेलन**, दार्जीलिङबाट प्रकाशित हुन सकेको पाइन्छ।

तुलसी 'अपतन'-को कवितायात्राको दोस्रो चरण सन् १९६०-१९७६ सोह्र वर्षको कालावधिलाई लिनुको आधार र औचित्य यस अवधिमा रचित र प्रकाशित उनका कविताहरूमा पाइने प्रवृत्तिगत विशेषताहरू हुन्। प्रथम चरणमा पाइने कतिपय प्रवृत्तिहरू यस चरणमा पनि विद्यमान छन् भने अर्कोतिर नौला प्रवृत्तिहरूले पनि थप विशेषता बोकेको पाइन्छ। यहा कवि तुलसी 'अपतन'-को काव्ययात्राको दोस्रो चरणका कवितामा पाइने प्रवृत्तिहरूको चर्चा निम्नलिखित तरीकाले गर्ने प्रयास गरिएको छ।

(क) स्वच्छन्दतावादी प्रवृत्तिहरू:

(अ) जातीय र राष्ट्रिय भावना
(आ) अतीतको मोह
(इ) प्रकृति प्रेम
(ई) कवि एवम् काव्य प्रेम

(ख) आधुनिकतावादी प्रवृत्तिहरू:

(अ) गद्यात्मक शैली
(आ) विचार/बौद्धिकता
(इ) एकलबोधको भाव
(ई) बिम्ब विधान

क. स्वच्छन्दतावादी प्रवृत्तिहरू

(अ) जातीय र राष्ट्रिय भावना:

जातीय भावनाले प्रेरित कवि व्यक्तित्वका धनी तुलसी 'अपतन'-का कवितागत विशेषताहरूमध्ये जातीय भावना उनको काव्य यात्राको प्रथम चरणदेखि नै प्रखर रहिआएको र दोस्रो चरणमा पनि सो भाव

सशक्त रहेको पाइन्छ।

'न्याय ज्योति बाल्दछौं' कवितामा कविले भारतीयताको सापेक्षतामा 'हामी' शब्द 'नेपाली जाति'–को सर्वनामको रूपमा प्रयोग गरेका छन्। कविले आफ्नो जातिको अनुकरणीय चारित्रिक वैशिष्ट्यलाई कविताको विषय बनाउँदै जातिको मनोबल सुदृढ़ पार्ने उद्देश्य राखेका छन्। अन्याय, अत्यचार र अशान्तिको विरोधमा घुँड़ा धसी अघि बढ़ने आफ्नो कर्तव्य सम्झने जाति नेपाली अन्यान्य भारतवासीसँग एकात्म भई एकताको दुन्दुभि बजाउन प्रयासरत छ। नेपाली जाति सधैं न्याय ज्योतिले अत्याचार, अमानवता र अनाचारको अन्धकारलाई विनाश गरी न्याय विस्तारित गर्न तत्पर र सचेत रहेको कुरालाई यहाँ कविले गर्वकासाथ काव्यात्मक अभिव्यक्ति दिएको पाइन्छ। उदाहरणाका निम्ति–

शान्ति पुजारी हामी हौं उच्च मस्तक पार्दछौं।
अन्याय अन्धकारमा न्याय ज्योति बाल्दछौं।
अन्याय अत्याचारको
चोखा र कपटी चालको
सधैं छ मुखमा राम राम
बगलीमा छुरा धार त्यो
यस्ता साधु बिरालाको
उधारी पर्दा विश्वमा
काँढ़ा बिझेको शान्तिमा उखेली थुत्त फाल्दछौं
र न्याय ज्योति बाल्दछौं।

यसै कालावधिमा **भालेको डाक** पत्रिकामा प्रकाशित कवि तुलसीको 'आशा र विश्वास'[१३] कवितामा। सूर्यको किरणले समानता प्रसारित गरे झैं **भालेको डाक** पत्रिकाले गाउँ, पाखा, शहर–बजार सबैतिर जातीय भावना र कर्तव्यबोध जगाएर सबैलाई सचेतता प्रदान गर्छ, गर्नुसक्छ र गर्नुपर्छ भन्ने भाव व्यक्त हुनसकेको पाइन्छ:

शहरका आँखा खोलेर नै निदाएकाहरूलाई
झलमल्ल घाम ढाड़मा लाग्दा पनि चाल नपाउनेहरूलाई
नचटपटाउनेहरूलाई
आलार्म लगाएर जगाउँला,
गाउँको एकोहोरो अन्धो बनी

१३. तुलसी 'अपतन', 'आशा र विश्वास', **भालेको डाक**, (नेपाली साहित्यिक त्रैमासिक पत्रिका, सम्पादक श्री नगेन्द्र बहादुर थापा), नेपाली विद्यार्थी परिषद, दार्जीलिङ, वर्ष १, अंक–२, पूस २०२१, दिसम्बर १९६४.

जागेर पनि आँखा नहेरी
जोत्तिएकाहरूलाई
नौलो सन्देश सुनाउँदै
विचार्न कर लगाउँदै
आँखा खोलिदेला।

त्यस्तै, राष्ट्रिय भावनाले ओतप्रोत कविता 'न्याय ज्योति बाल्दछौं'–कवितामा राष्ट्रिय भावनाको अभिव्यक्ति हुन सकेको पाइन्छ। जस्तै–

'अनेक भारतवासी छौं
विभिन्न भाषा भाषी छौं
मार्ग धर्म जाति अनेकौं
रूप डाल आकृति कैंयौं
अनेकता लिई एकता
डोरी कसिलो बटार्दछौं
मदान्ध शक्तिको अघि निहुरन्नैं सामू अड्दछौं
असत्य दूर फाल्दछौं
र न्याय ज्योति बाल्दछौं॥

भारत विशाल देश यो
शान्तिको अग्रदूत हो
निर्दो ठानी यसमा कतै
चोट लाए अशान्तिको
चुपचाप अत्यचार त्यो
सहन्नौं बरू यस प्राणको
आहूति चढ़ाई विश्वमा शन्ति पताका उचाल्दछौं
र न्याय ज्योति बाल्दछौं।

तुलसी 'अपतन'–को काव्य यात्राको दोस्रो चरणमा पर्ने राष्ट्रिय भावनाप्रधान अर्को उल्लेख्य कविता हो 'निभाऊ अग्नि'। यस कवितामा– भारतभूमि, शान्ति पर्यायवाची शब्दको रूपमा प्रयुक्त हुने देश हो ती अंग्रेजहरूको कुचक्रमा परि देशको बटवारामा अलग्गिएको देश पाकिस्तानसँको शत्रुताको झिल्कोलाई बतासिएर अग्निको विकराल रूप लिन दिनु भन्दा पहिले नै निभाएर अशक्त पारिदिनु पर्छ भन्दै कविले आफ्नो

देशवासीलाई सचेत गराएको बोध हुन्छ। यस कवितामा कविले देशवासीहरूलाई एकार्कामाझको दृढ़ सम्बन्ध र एकताभाव अटूट राख्ने आग्रह गरेको पाइन्छ। उदाहरणार्थ:

नसम्झ तुच्छ यो भनी भुसुक्क पार्छ यो बढ़े
मन्युष्यता र सभ्यता सखाँप पार्छ यो बले
बचाउ लाज देशको मिटाई द्वेष आपसी
स्वदेशका निमित्तमा सहर्ष प्राण नै दिई।

यसरी जाति, धर्म, भाषादिको वैभिन्यताभित्र भारती हुनुको बोधको धुकधुकी छामेर प्रत्येक भारतवासी एकताको सूत्रमा बाँधिएर शत्रुताको सामनामा डट्ने र आफ्नो देशको गौरव अटूट राख्ने आह्वान गरेका छन् कविले देशवासीहरू समक्ष।

(आ) अतीतको मोहः

उच्चाटलाग्दो वर्तमानबाट रोमान्टिक कविहरू कतै अतीतको आनन्दमयी क्षणतिर फर्केर जान चाहन्छन्, कतै कल्पनाको सुखमय र अलौकिक आनन्द-पक्रन खोज्छन् र कतै प्रकृतिको सौन्दर्यमयी दृश्यसँगै समाहित हुनुपुग्छन्। आधुनिक सभ्यताको नाउँमा व्याप्त कुटिलता, बाह्यआडम्बर र जटिलताले आक्रान्त भएका सरलहृदयी कवि तुलसी 'अपतन' पनि अतीतप्रतिको मोह देखाउन चुकेका छैनन। प्रकृतितर्फको अतीतप्रतिको मोह नयाँ मूल्यहरूको खोजीको निम्ति भएको पाइन्छ।[१४] उयस सन्दर्भमा कवि 'अपतन'-को 'त्यो छाँगो' कवितालाई उदाहरणका रूपमा अघि सार्न सकिन्छ। उदाहरणका निम्ति केही पङ्क्तिहरू:

कहाँ गो त्यो छाँगो छर छर सुधा स्वच्छ जसले
छरी भर्थ्यो मेरो उपवन सधैँ स्निग्ध रसले।
सधैँ फूल्थे नाना रङ विरङका पुष्प उसमा
स्वयं चल्थ्यो आफै मग मग भई मस्त सुषमा
-'त्यो छाँगो'

त्यस्तै 'नानी थें हिजोसम्म' र 'भन्ला को' कविता यस सन्दर्भमा उल्लेख्य गरेका पाइन्छन्।

(इ) प्रकृति प्रेमप्रधान प्रवृत्तिः

प्रकृतिको सौन्दर्यात्मक दृश्य र संगीतमय वातावरणले रोमान्टिक कविहरूलाई यथार्थदेखि, सांसारिक

१४. रमेश श्रेष्ठ, पूर्ववत्, पृष्ठ ११६.

जालझेल र वास्तविकताको उच्चाटलाग्दो वातावारणदेखि उन्मुक्ति दिएर स्वर्गीय सुखको आनन्द लोकमा विचरण गराए झै कवि तुलसी 'अपतन'–ले पनि प्रकृतिको रमणीय काखमा विचरण गरेर केही क्षण भए तापनि आनन्द लिन चाहेको देखिन्छ। यस सन्दर्भमा उनको 'एकमुठी सास' कविताका केही पङ्क्तिहरू उदहरणीय छन्:

त्यसै त्यसै रमाइलो
चारैतिर वसन्ती रंग लिपिएको
धुप्पी चाँप गुरासमा
संगीतमय वातावरणमा
रूमलिएर रन्किन गएको
झंकार सुगन्धित
पर्दा कानमा
आँखा चिम्म पारी
असीम आनन्दमा बग्दछु
हेलिन्छु–डुब्न चाहन्छु
फेदैसम्म पुग्न चाहन्छु
बिर्स्न चाहन्छु–यो पृथ्वीलाई
एकै पलमा।

रोमान्टिक कविहरूले प्रकृतिलाई नै प्रेरणाको स्रोत, रचनात्मक कार्यको उद्गम स्थल माने झैं तुलसी 'अपतन'–ले पनि मनको भावहरूलाई जीवन्त बनाउनुमा प्रकृतिकै पूर्ण हात रहेको सत्यलाई स्वीकारेको पाइन्छ। जस्तै:

जहाँ बग्थ्यो छाँगो छर छर यी मंगलमय।
सबै पाथ्यों ताजा लह लह उसै शीकर छरी
मुना हाल्थे नाना भाव विभावका स्वच्छ लहरी॥
–'त्यो छाँगो'

(ई) कवि एवम् काव्य प्रेमः

कवि र कवितालाई नै कविताको विषय बनाएर काव्य रचना गर्ने रोमान्टिक प्रवृत्तिले तुलसी' अपतन'–को

काव्ययात्राको पहिलो चरणदेखि नै प्रश्रय पाएको छ। दोस्रो चरणमा पनि यो प्रवृत्ति सशक्त रूपमा रहेको पाइन्छ। कविले आफ्नो कविता कसरी जन्मन्छ? कवितामा के पाइन्छ? कवि र कविताको अन्योन्याश्रित सम्बन्ध कस्तो हुन्छ? भने जस्ता कुराहरूलाई आफ्नो कविताको विषयवस्तु बनाएर रचना गरेको देखिन्छ उनको 'म लेख्छु' कविता। उदाहरणका निम्ति:

तर म लेख्छु
त्यस बेला
जब
मनमा नअटाएको भावना
छचल्किन्छ
पोखिन्छ
हृदय वेदनाले
तड्पिन्छ
कल्पनाले पनि फकाउन सक्तैन
झन्
भत्भताउन थाल्दछ
बोल्दछ
दाह्रा किटी
आँखा चिम्म पार्दा
झल्झली देखिएको दृश्य
सेतो कागजमा
कालो धर्का कोरी
चित्र खिंचने प्रयास गर्छु
म लेख्छु।

भाव, भाषा, छन्द, आदिले मात्र कविता हुँदैन। पाठकको हृदयको अन्त:तहलाई स्पर्श गर्न र झंकृत पार्न सक्नुपर्दछ कवितालेे। पाठकको हृदयसँग अनन्त सम्बन्ध कायम गर्न सक्नुपर्दछ कवितालेे तब मात्र त्यसको रचनाकार कवि हुनसक्छन्। कविता आडम्बर होइन, यो असत्यवाहक हुनुहुन्न, रहस्योद्घाटनमा पछि पर्नु हुन्नमा यो, सत्यको पक्षधर, उत्तरदायित्ववाहक हुनुपर्छ । कविता नै कविको चिन्हारी हुन सक्नुपर्छ भन्ने भाव विचार उनको कवितामा हृदयस्पर्शिता गुण हुनुपर्छ 'कविता हुन्' कवितामा अभिव्यक्त हुनसकेको पाइन्छ।-

कविले कविता बनाउँदैन
कवितालेे कवि बनाउँछ

कविता पहिले जन्मन्छ
कविता नै पहिले फैलन्छ
कविलाई चिनाउँछ
उसको नौरान गराउँछ

–'कविता हुन्न'

भाषा–साहित्यका निम्ति बाँच्न र भाषा–साहित्यलाई बँचाउन निरन्तर प्रयासरत रहने तुलसी 'अपतन'–को नेपाली साहित्यका महाकवि, विलक्षण प्रतिभाका धनी आशुकवि लक्ष्मीप्रसाद देवकोटाका निधनले विचलित भएको मनको विह्वलता र संवेदनशील, भावनात्मक अभिव्यक्तिको उदाहरणको रूपमा लिन सकिन्छ उनको 'ज्योति पुञ्ज के अस्त भयो ?' कवितालाई। उदाहरणार्थ:

जोश सबैको होशसंभाली बल्लतल्ल तङ्ग्रिदै थियो
मुना मदनको घाम र छाया चित्र हृदयमा कोर्दैथ्यो।
बल्ल त अहिले नेपालीले साँचो जीवन दैख्दैथ्यो
धीत नगर्दै आज अचानक पथमै आशा लुप्त भयो।
ज्योति पुञ्ज के अस्त भयो ?

'एक सुस्केरा' कवितामा पनि कविले भनेका छन्–

लेखक कविको सुस्केराले नव नव ज्योति फिँजिन्छ।

प्रकृतिका प्रत्येक वस्तु र यसका क्रियाकलापहरू मानव जीवनसँग सम्बन्धित छन् र ती सबै–सबै विषय नै हुन् कविताका विषयवस्तु बन्न सक्छन् भन्ने कवि तुलसीको विचार उनको 'सामग्री कविताको' कवितामा व्यक्त हुनसकेको पाइन्छ:

पाइन्छ यहाँ उहाँ
यता उता जहाँ तहाँ
दुर क्षितिजको नील गगनमा
उड्दै गरेको एक जोर त्यो
निर्धक्क नि:शंक विहंगममा
पारी झर्दै गरेको सुनको झरनामा

बग्दै गरोक चाँदीको बाङ्गो टेड़ो
पहाड़े छाँगोको कलकलमा

यसैगरी 'भानु', 'भानुभक्त', 'लक्ष्मी-सम्पत्ति प्रतिभा: आकाश हाम्रो आजको' कविताहरूलाई पनि यसका उदाहरणका रूपमा लिन सकिन्छ।

(ख) आधुनिकतावादी प्रवृत्तिहरू:

जर्मन सिद्धान्तवादी यूर्गेन हबरमास अनुसार, "प्राय: सत्रौं शताब्दीको मध्यबाट शुरू भएको नवजागरणसँगै पश्चिममा आधुनिककाल शुरू भएको हो।"[१५] आधुनिक नेपाली कविताको पृष्ठभूमिं विक्रमको उन्नइसौं शताब्दीको अन्तसँगै आएको शिक्षित तथा सचेत समुदाय बीचको सामाजिक तथा बौद्धिक परिवर्तनहरूले बनाएको छ भन्ने विद्वानहरूको भनाइ छ।[१६]

नवजागरणका नाममा विवेकको शक्तिमा एउटा नयाँ विश्वासको लहर शुरू भयो। औद्योगिकीकरण, विज्ञान, शिल्पविज्ञान अनि नगरीकरणको विकासले कुनै अधिकार वा आधिपत्यप्रतिको परम्परागत अविवेचित विश्वास, दासत्वपूर्ण आज्ञाकारितासँगको नाता तोड़ियो र चिन्तन एवम् समस्यासमाधानको प्रक्रियामा विवेक अनि तर्कशास्त्रको प्रयोग गर्ने प्रवृत्ति, परिपाटीले प्राथमिकता पायो आधुनिकतावादमा। सारांशमा भन्नु हो भने आधुनिकतावाद वैज्ञानिक अभिप्राय (साइन्टिफिक स्पिरिट), विवेक, तर्कसंगतिमा आधारित छ। तुलसी 'अपतन'-का दोस्रो चरणका कविताहरू पनि यस प्रवृत्तिबाट मुक्त रहेको देखिन्नन्। उनले आधुनिक प्रवृत्तिहरू अँगालेर कविता रचना गरेको देख्न पाइन्छ।

(अ) गद्यात्मक शैली:

नेपाली कवितालाई आधुनिकताको यौटा प्रमुख देन हो गद्य कविता।[१७] वि॰ स॰ १९९२ मा 'कविको गान' कविता लेखेर नेपाली कविता साहित्यको परम्परामा नौलो आयाम थप्ने काम गरेका छन् गोपाल प्रसाद रिमालले। यसै परम्परालाई गति दिने काम तुलसी 'अपतन'-ले पनि गरेका पाइन्छ। नहेर आज मलाई--मा

---

१५. एकर्डिङ्ग टू द जर्मन थ्योरिष्ट जर्जेन हबरमास, द मोर्डन पिरियड इन द वेष्ट स्टार्टेड इनलाइटनमेन्ट, अलमोस्ट फ्रम द मिडल अफ द सेभेन्टिन्थ सेन्चुरी- मोडर्निज्म : द एज अफ रिजन; **कन्टेम्पोररी लिटरेरी थ्योरी** : ए स्टूडेन्स कम्पेनियन- एन कृष्णस्वामी, जोन भर्गिज एण्ड सुनीता मिश्र, पृष्ठ २०

१६. रमेश श्रेष्ठ, पूर्ववत्, पृष्ठ ८९.

१७. रमेश श्रेष्ठ, पूर्ववत्, पृष्ठ १५७.

सङ्ग्रहित 'चिनें-चिन्दिनँ' उनको प्रथम गद्यात्मक शैलीको कविता हो। आफ्नो छन्द र लयबद्ध कविताको लेखन परम्पराप्रतिको प्रतिक्रिया जनाएर आधुनिकतावादलाई अँगालेर रचिएका कविता प्रतीत हुन्छ उनको 'चिने चिन्दनँ' कविता। उदाहरणार्थ:

देखें तिमीलाई हिजै
मोड़मा त्यो घुम्तीको
टङ्क अडियौ तिमी
देखेर मलाई
टोल्हाएर हेरिरह्यौ
चिने झैं गरी
हेरे मैले पनि
देख्यो मेरो मनले छर्लङ्ग
बोल्न खोजेको तिम्रो
रमाएर उफ्रिरहेको हृदय
चिन्दिनथें किन ? चिनें
सजिलै

-'चिनें-चिन्दिनँ'

'चिने चिन्दिनँ' कविता गद्यात्मक शैलीको नमूना मात्र होइन बोलचालको साधारण भाषा प्रयोग गरी आधुनिक ढाँचामा रचिएको कविता हो भन्न सकिन्छ उनको 'चिने चिन्दिनँ' कवितामा। यसै गरी 'चिन्दिनँ', 'मेरो शुभकामना', 'म लेख्छु', 'यो हो दार्जीलिङ', 'कविता हुन्न', 'सामग्री कविताको', 'समाप्ति र आरम्भ', 'खरानीको डल्ला', 'एक मुठी सास', 'कालो टाटो', 'दशैं कीरा', 'दिन पल्टिरहेछ', 'बास्छ भाले पृथ्वीमा', 'आधुनिक शिक्षा', 'नहेर आज मलाई'-आदि कविताहरू **नहेर आज मलाई** सङ्ग्रह भित्रकामा गद्य शैलीमा लेखिएका कविता हुन् भने **दियालो**, वर्ष १२, हाँगो ४७, अक्टोबर १९७१ पृष्ठ १ मा प्रकाशित 'मिनी : दुई'-को 'चोट'-पनि यस सन्दर्भमा उल्लेखित रहेको देखिन्छ।

(आ) विचार/बौद्धिकता:

गहन विचारको प्रभावशाली अभिव्यक्तिको माध्यमको रूपमा कवितालाई लिइन्छ आधुनिकतावादमा। 'कला जीवनको निम्ति', 'कला मानवताको निम्ति', 'कला मानवको निम्ति'-जस्ता सिद्धान्तले कविताको

उद्देश्य गहन भएर गएको छ आज। बद्लंदो सामाजिक स्थिति, मानवीय मूल्यबोधले गर्दा कविको कर्तव्य पुनः परिभाषित हुँदैछ आधुनिकतावादमा। युगानुकूलीय भावनाको सामीप्य जति टड्कारो हुन्छ त्यो उति नवीन ठहर्छ। आज मानव समाजमा एउटा अपूर्व वातावरण व्याप्त छ। एका-अर्कामाथिको विश्वासमा ठूलो पहिरो गएको छ; आस्थाको हरियालीलाई विश्वासघातको डढ़ेलोले भष्मिभूत बनाएको छ। आफैलाई पनि विश्वास गर्न हम्मे पर्ने आजको यस युगमा मानवताको विनाश भएको अनुभव गरेको र त्यसलाई काव्यात्मक अभिव्यक्ति दिने प्रयास गरेको बोध हुन्छ कवि तुलसीले यस चरणका उनका केही कविताहरूमा। उदाहरणार्थ:

कहिले देख्छु झलमल्ल तिमीलाई
सजिएको सिंगारिएको
मानवी अलंकारले
कहिले आभूषण वस्त्र सबै फाली
उदांगिएर नाङ्गिएको देख्छु
पाशविक हुँकारले
गर्जिएको सुन्छु.....

-'चिन्दिनँ'

'म लेख्छु' कवितामा कविको वैचारिक उच्चताले धेरै फाँट ओगट्न सकेको बोध हुन्छ। वस्तुतः अन्याय र अत्यचारप्रतिको बलिष्ट प्रतिवाद गर्ने र मानवमाझको फूट, अमेल र विषमता नामेट पार्ने उद्देश्य लिएर रचिएका देखिन्छन् , तुलसी 'अपतन' यस चरणका कविताहरूमा। शोषणप्रतिको विरोध, समाज र मानव जातिको उत्थानको महत्त्वकांक्षा, कुण्ठित हृदयका स्वाभाविक अभिव्यक्ति नै उनका यस चरणका कविताहरूमा अभिव्यक्त हुन सकेको पाइन्छ। उदाहरणका निम्ति, उनको 'म लेख्छु' कविताका केही पङ्क्तिहरू उल्लेख रहेका पाइन्छ। जस्तै:-

आफ्नै दाज्यू-आफ्नै भाई
दिदी-बहिनी
आफ्नै सबै
तैपनि बिरानो
नचिन्हिने

एका अर्कालाई
नमिल्ने मनको चाँजोलाई
हामीले नै ल्याएको भाँजोलाई
एकै..... तर.....
छुट्टिएका
फाटिएका
उछिट्टिएका
चोइटिएका
हृदयहरूलाई
जोड़न खोज्छु
टालो नहाली
सिउनी नपारी
दई तीन.....चार
धेरैलाई
एउटै पार्न खोज्छु
यस्तै जब सपना देख्छु
म लेख्छु॥

कविको दार्शनिक चिन्तन, विचार उनको 'अभाव र भाव' कवितामा अभिव्यक्त हुनसकेको पाइन्छ। यस संसार एउटा मायाजाल मात्र हो। यहाँको प्राप्तिमा सन्तुष्टि, खुशी र अप्राप्तिमा असन्तुष्टि, दु:ख अनुभव गर्नु भ्रममात्र हो। यो संसारमा मानिस न त केही लिएर आउँछ न त केही लिएर जान्छ–सत्य यही हो। यही र यस्तै सत्यको अभिव्यक्ति हो उनको 'अभाव र भाव' कविता। उदाहरणका निम्ति:

तिमी रून्छौ छैन भन्दै
अभावको शोक सुर्तामा
म मुसुक्क हाँस्छु ढुक्क
दुनियाँको खोक्रो बिर्तामा।

संसार र जीवनको यथार्थ भोगाईबाट पलायन गर्नु भ्रमित हुनु हो र आफैबाट टाड़िएर अस्तित्त्वहीन हुनु हो भन्ने वैचारिक गहिराई यस कविताको मर्म हो भन्न सकिन्छ।

यसरी अध्ययन अनुशीलन गरेर हेर्दा आफ्नो काव्य यात्राको दोस्रो चरणमा कवि तुलसी 'अपतन'-का कविताहरू उनको वैचारिक उच्चता र गहनताले बढ़ी आधुनिक र समसामयिक हुन सकेका छन् भन्न नसकिने होइन।

(इ) एकलबोधः

आजको व्यस्ततापूर्ण युगमा मानिस आफूलाई परित्यक्त, एकलो पाउने गर्छ। आधुनिककालीन कविहरू पनि यही एक्लोपनको शिकार भएको देखिन्छन्। त्यसैकारण अंग्रेजी कवि वर्ड्सवर्थले भनेका छन्-'एउटा कवि एउटा मान्छेसँग बोल्ने एउटा मान्छे हो।'[१८]

कल्पनाको संसारबाट यथार्थमा ओर्लिंदा कवि तुलसीले पनि आफै विस्थापित हुँदै गएको आफैप्रतिको विश्वास हराउँदै गएको अनुभव गरेको बोध हुन्छ। संसारको यथार्थले कविलाई विचलित तुल्याएको, कवि, एक्लो हुँदै गएर विचल्लीमा परेजस्तो अनुभवलाई कवि तुलसीले आफ्नो कवितामा प्रभावकारी ढङ्गमा अभिव्यक्ति दिन सकेका पाइन्छ। उदाहरण:

एक सुनेथें देखें अर्कै पाउँ अझ झन् अर्कै
केहो दुनियाँ? कस्तो रहेछ? बदल्यो भन्दा भन्दै
विश्वास गरें तर पदपदमा पाएँ धोका मात्रै
कलकलाउँदो स्वच्छ हृदय यो धुजियो हेर्दा हेर्दै

-'नहेर आज मलाई'

स्वार्थी संसारको चारित्रिक विशेषताले प्रत्येक व्यक्तिलाई एउटा टापूको अस्तित्व प्रदान गरेको सत्यतालाई कविले 'तिमी उज्यालो पर्खिरहू' कवितामा काव्यात्मक अभिव्यक्ति दिएको पाइन्छ। यहाँ आफ्नो अस्मिता संरक्षणको निम्ति एक्लै संघर्षरत भई जिउनु नै जीवनको यथार्थले भन्न चाहेको बुझिन्छ कविले। उदाहरणार्थ:

तै पनि जगमा हात पसारी भर अर्कैंका खोजीरहू
आफ्नै भरले बढ़दछु घस्री तिमी उज्यालो पर्खिरहू।

-'तिमी उज्यालो पर्खिरहू'

---

१८. 'ए पोयट इज ए म्यान टकिङ्ग टू ए म्यान'-वर्ड्सवर्थ, **प्रिफेस टू द लिरिकल ब्यालेड्स** सन् १८००

हिड़े अर्कै बाटो एक्लै
साथमा रह्यो केवल
पीर र बह
इच्छा र आशा
–'समाप्ति र आरम्भ'

(ई) विम्ब विधानः

कवितामा विम्बको महत्त्वपूर्ण स्थान र भूमिका रहेको हुन्छ। कवितामा प्रयुक्त काव्य भाषाबाट पाठकको हृदयमा उत्पन्न हुने भावचित्र नै विम्ब हो। कवितामा प्रयुक्त विम्बको महत्त्वलाई विम्बको ठोसपनद्वारा नाटकीय अनुभूति प्रदान गर्ने तत्त्वको रूपमा पनि ग्रहण गरिएको पाइन्छ।[१९] विम्बलाई मूलभूत रूपमा चक्षुस (दृष्ट) विम्ब श्रव्य, विम्ब रसना विम्ब आदिमा वर्गीकृत गरिएको पाइन्छ। यसबाहेक ऐन्द्रिक विम्ब र तात्त्विक विम्बको चर्चा वा उल्लेख गरिएको पाइन्छ। तुलसी 'अपतन'–का दोस्रो चरणका कविताहरूमा पनि कविले विम्वहरू प्रयोग गरेको पाइन्छ। उनले यस चरणमा उनका कविताहरूमा प्रयोग गरेका विम्बहरूको चर्चा निम्नलिखित तरीकाले गर्न सकिन्छः

१. दृश्य विम्ब

(i) देशज विम्ब

(ii) परम्परागत विम्ब

(i) देशज विम्बः

हाम्रा पुराण, आध्यात्मिक प्रसंग र इतिहासबाट कवितामा प्रयोग गरिएका विम्बहरूलाई देशज बिम्ब भनि भनिन्छ। तुलसी 'अपतन'–का कविता प्रयुक्त देशज विम्बको रूपमा इतिहाससित सम्बन्ध शाहनशा, गान्धी, बुद्ध आदि पाइन्छन्।

---

१९. डा॰ जीवन नामदुंग, **अगमसिंह गिरीका कविताको अध्ययन र आधार,** श्याम ब्रदर्स प्रकाशन, दार्जीलिङ, सन २०००; पृष्ठ ११८

कोही शाहनशाह छ
यो सबैलाई थाहा छ
यहाँ बुद्धको प्रभाव छ
गान्धीको आलो घाउ छ ·
–'यो हो दार्जीलिङ'

पुराणसँग सम्बद्ध बिम्बहरू–महादेव, शिव, काली, ताण्डव नृत्य, दधीचि, राम, कृष्ण, ईशु, मुहम्मद आदि उल्लेख रहेका देखिन्छन्। जस्तै:

महादेवको ढर्रा झिक्दै
शिव भएँ भन्दै
पृथ्वीमा अई उदांग
हुर्रिएर आएको
नर मुण्ड मालाले जिरिङ्ग
वीभत्स कालीलाई देखी
ताण्डव नृत्य गर्दै पल्टिन्छौं।
–'चिन्दिनँ'

दधीचि राम कृष्णको महान बुद्ध गान्धीको
छ देश भारती थला स्वराज्य यो सुशान्तिको
–'निभाऊ अग्नि'

(ii) परम्परागत बिम्ब:

परम्परागत बिम्ब भन्नाले परम्परादेखि अनवरत रूपमा प्रयोग हुँदै आएको बिम्ब बुझिन्छ। यसलाई बुझ्न सामान्य मानिस अभ्यस्त हुन्छन्। तुलसी 'अपतन'–का कवितामा प्रयुक्त यस्ता बिम्बहरूले उनको काव्य यात्राको दोस्रो चरणका कविताहरूलाई एउटा नौलो आयाम दिएका छन्। हिमाल, घरको छानो, बृष्टि, घाम, चन्द्र, गीत, ऋतु, ग्रीष्म ऋतु, बादल, ग्रहण, कर्कलाको पानी आदि यस्तै परम्परागत विम्ब हुन्। केही उदाहरण:

अस्ति खाएको कसम
मातेर निस्लोठ
लड़िरहेछ नालीमा
राल सिंगान काड़ेर।
–'चिन्दिनँ'

(१) *दृष्टि काँड़ झैं हानिएर*
निर्विघ्न पुग्छ क्षितिजसम्म
– 'कालो टाटो'

(२) *कर्कलाको पातमा त्यो अल्झिरहेको थोपा शीत ?*
आषाढ़को जलधाराभित्र अल्पिसकेको सिन्धु
असीमलाई सीमित पार्दै टल्किरहेको बिन्दु ?
–'सम्झना'

(३) *काँढा बिझेको शान्तिमा उखेली थुत्त फाल्दछौं*
र न्याय ज्योति बाल्दछौं।
– 'न्याय ज्योति बाल्दछौं'

'मिनी कविता' लेखन शैली पनि कविको यसै कालको एउटा प्रवृत्ति हो र उपलब्धि पनि हो भन्न सकिन्छ। यद्यपि 'सिला कविताहरू **के होला ?**–मा पनि संकलित छन्।

समग्रमा हेर्दा तुलसी 'अपतन'–को काव्य यात्राको दोस्रो चरण पुरातन र परम्पराको सीमासाँधबाट फुत्केर नवीनता र समसामयिकताप्रतिको आग्रहलाई व्यावहारिकता दिने आँट बटुलेर गरिएको विद्रोहात्मकताको प्रतिफल हो। आफ्ना कवितामा नौला आयामहरूलाई प्रश्रय र प्रतिष्ठा दिलाएर कविले आफूलाई आधुनिकताको वैचारिक धरातलमा उभ्याउने प्रयास गरेका छन्। आधुनिकतावादका जटिल प्रवृत्तिहरूलाई अँगालेर कविता रचना गरी कवितालई सुन्दर रूपमा प्रस्तुत गर्ने र आफ्ना कविताहरूलाई युग सापेक्ष बनाउन कवि प्रबलशील रहेका देखिन्छन् यस चरणमा। गरेका छन् र युगसापेक्ष बनाएका छन्।

उनका अहिलेसम्मका प्रकाशित कविता संकलनहरूमध्ये **नहेर आज मलाई**–मा 'हाइकु' शैलीमा रचना गरिएका 'मिनी' कविताहरू पनि समावेश भई प्रकाशित हुन सकेका पाइन्छन्।[२०]

४.२.३ तेस्रो चरणका कविताका प्रवृत्तिहरू

उमेरको वयस्कतासँगै लेखनशैली वैचारिकता, चिन्तनशीलता, अभिव्यक्ति शैली, भाषिक मानकमा

२०. मोहन ठकुरी (सम्पादक) 'भूमिका', **नेपाली कविता यात्रा**, साहित्य अकादेमी प्रकाशन, नयाँ दिल्ली, सन् १९९०, पृष्ठ ५

परिपक्वता र समसामयिकता निश्चित यथार्थ हो। सृजनात्मक मथिङ्गल कहिले पनि निष्क्रिय भई चुपचाप बसिरहन सक्तैन न त यो सधैँ अरूले देखाएको बाटोमा नै लाटिएर हिँड्रिहन सक्छ। यो त सधैँ नवीन नवीन आविष्कारको खोजीमा लीन भएको हुन्छ – 'विपनामा निधाएर आफ्नो सपनामा ब्यूँझेको हुन्छ। सृजनात्मक मथिङ्गलले आफ्नो सपनालाई विपनामा उतार्दा अरू छक्क पर्छन्; झट्टै बुझ्न सक्तैनन् र तिनीहरूका मुखबाट निस्कन्छ – 'असम्भव'।[२१] भनेर देवकोटालाई 'सृजनात्मक मथिङ्गल'–को उपनाम दिने तुलसी 'अपतन'–का तेस्रो चरणका कविताहरू प्रभावित देखिन्छन्।

तुलसी 'अपतन'–का काव्ययात्राको तेस्रो चरणका काव्यकृतिमा **कर्ण–कुन्ती** खण्डकाव्य (१९८८), **बुद्धि बङ्गारो** (मिनी खण्डकाव्य संग्रह), १९९३ उल्लेखनीय छन्। सन् १९७७ देखि यता विभिन्न पत्र–पत्रिकामा प्रकाशित उनका फुटकर कविताहरू त्यति उपलब्ध छैनन्। **कर्ण–कुन्ती** र **बुद्धिबँगारो**ले कवि तुलसी 'अपतन'–को खण्डकाव्य रचनातर्फको आसक्ति प्रमाणित गर्छन्। यी दुई काव्य कृतिहरू कविका काव्ययात्राको उत्कर्ष बिन्दु पनि हुन्। पूर्ववर्ती काव्यकृतिहरूको भन्दा धेरै भिन्दै धरातलमा उभ्याइएको पाइने हुनाले यी काव्यद्वयलाई उनको काव्ययात्राको तेस्रो चरणको काव्यिक उपलब्धि भन्न सकिन्छ। यस तेस्रो चरणमा आइपुग्दा कवि तुलसीले अँगालेको केही नयाँ प्रवृत्तिहरूलाई यहाँ निम्नलिखित तरीकाले चर्चा गर्ने प्रयास गरिएको छ।

(क) आधुनिकतावादका प्रवृत्तिहरू

(अ) वैचारिकता
(आ) सामाजिक चेत
(इ) मनोवैज्ञानिकता
(ई) बोलचालको गद्यात्मक भाषा
(उ) विद्रोहात्मकता आदि

(अ) वैचारिकता :

गहन विचारको अभिव्यक्तिको प्रभावशाली माध्यमको रूपमा कवितालाई लिइन्छ आधुनिकतावादमा। पुरातन र नवीन मूल्य चिन्तनका बीचको संक्रमणधर्मी वैचारिकताले यस काव्यभित्रका कथानक तथा चरित्र

२१. तुलसी 'अपतन', सुजनात्मक मथिङ्गल: तीन नमूना, **दियालो**, सम्पादक तुलसी 'अपतन' अनि अरू वर्ष ११, हाँगो ३६, नोभेम्बर १९७०, पृष्ठ ४३.

रेखा र भावनाका आवेग उद्वेगलाई निर्दिष्ट दिशा प्रदान गरेका पाइन्छ।[२२]

प्रतीकात्मक ढंगमा आज पनि सीताहरण भइरहेछ, समाजरूपी सीतालाई बचाउने जटायुको हरेक लोलुपताबाट पखेटा काटिएको छ। यसैले कविको विचारमा यस युगको आवश्यकताअनुसार एउटा नयाँ रामायण लेखिन पर्छ। यसमा कविको गहन विचार र जीवनप्रतिको चिन्तनले यहाँ भावभन्दा विचारपक्षको प्राबल्य देख्न सकिन्छ।[२३]

ठीक त्यसरी नै आमा मन्त्रोच्चारण गर्न सक्नुपर्दछ–
परिआएको खण्डमा – उचित समयमा
पानी छम्कन सक्नुपर्छ कमण्डलु–विवेकको
नअत्तालिई हामीले पनि झट्पट
नत्र नाशिन्छौं सबै हामी–बरबाद हुन्छ सृष्टि यो
हाम्रो आफ्नै सृष्टिको शक्ति–रापले खरानी बन्छ यो धरा।
सत्य लुक्तछ व्यर्थमा अनाहक
त्यस्तै नै हो, यो समाज, आमा
यो बनाएको हामीले नै–हाम्रै सृष्टि हो यो सारा
शक्ति थुपार्दा थुपार्दा ... पोस्याउँदा... पोस्याउँदा यसलाई
यो शक्तिशाली भीषण बनेको छ भयङ्कर।।

'कर्ण कुन्ती'

यहाँ आजको मानव समाजको यथार्थ रूपलाई कविले आफ्नो वैचारिक धरातलमा चित्त बुझ्दो पाराले प्रस्तुत गरेका छन्।

राम बन गा'को मन पर्दैन
'सीता हरण भा'को ... मन पर्दैन
मन पर्दैन जटायु–वध
रावणको त्यो गगनभेदी अट्टहास
मन पर्दैन।

'फेरि रामायण... बुद्धि बङ्गारो'

---

२३. डा॰ लक्खीदेवी सुन्दास, 'प्राक्कथन', **बुद्धिबँगारो**, नेपाली साहित्य सम्मेलन, दार्जीलिङ, सन् १९९३, पृष्ठ २१.

२२. बासुदेव त्रिपाठी, 'मन्तव्य', **कर्ण–कुन्ती** स॰ १९८८,

रामायणमा वर्णित यी घटनाहरू अन्याय, अत्याचार र अविचारको प्रतिफलहरू हुन्। यसैले कवि यसको विरोध गर्छन् – मन नपराएर। वैचारिकता यहाँ स्पष्टिएको छ।

युद्ध विभीषिकालाई मात्र होइन तर यसको षड्यन्त्रपूर्ण वातावरणको पृष्टपोषकहरूको पाशविक र दानवी प्रवृत्तिको विरोधमा कविको वैचारिक अभिव्यक्ति 'कर्ण–कुन्ती'–को तेस्रो सर्गको मूल मन्त्र भएर ध्वनित भएको छ जुन युग र समय सापेक्षताको दृष्टिकोणले औचित्यपूर्ण छ।

(आ) सामाजिक चेत :

समाजमा व्याप्त कुसंस्कार, कुरीति, अव्यवस्था जस्ता अप्रगतिशील धारणाहरूको विरोधमा आफ्नो काव्ययात्राको प्रथम चरणबाट नै सचेत र सचेष्ट रहने कवि तुलसी 'अपतन'–ले 'कर्ण–कुन्ती' र 'बुद्धि बङ्गारोमा यस भावको विस्तृति देखाउन सफल भएका छन्। मानवमाझमा व्यवधान ल्याउने, मानवताको गला घोट्न लाउने, मानवीय कर्तव्य–बोधलाई ठेस् पुऱ्याउने सामाजिक परम्परागत, स्थापित मूल्यहरूको विरूद्ध खुल्लमखुल्ला युद्ध भूमिमा प्रत्यक्ष भएर देखिइएका छन् कवि।

यो समाजसित... ?
यो नक्शाको बाघसित ?
यसको निर्जीव धाकसित ?
यो हाम्रै सृष्टि हो आमा – मूषिक व्याघ्रको कथा

'कर्ण–कुन्ती'

कवि भन्छन् –

समाजको डरले किन ?... किन ?... किन ?
अड़िन सक्नुपर्दछ त्यस्तो अन्धकारमा एकलै ठिङ्ग
सत्यको मसाल लिई हातमा...
अडिग रहन सक्नु पर्दछ आमा...
अनि सार्न सक्नु पर्दछ पाइला अघिल्तिर

'कर्ण–कुन्ती'

सजग र सचेत भएर स्थापित सामाजिक मान्यताको विरोधिता गरी आफ्नो सामाजिक अस्मिता बचाउने आह्वान छ कविको यहाँ –

के आँखा चिम्लँदैमा नराम्रो भाग्छ संसारबाट ?
हराउँछ यो समाजबाट ?

-'बुद्धि बङ्गारो'

महाभारतीय कर्णका परम्परा प्राप्त व्यक्तित्वमा काव्यकार तुलसी बहादुर छेत्रीज्यूले थप्न चाहेको मुख्य आयाम चाहिँ हो कर्णको सामाजिक चेत र त्यस भित्र-भित्रै प्रवाहित समाजभीरू नवपरिचिता. स्व-माताप्रतिको विह्वल अनुराग धारा।[२४]

जीवनको यति ठूलो हिस्सासम्म समाजको रूढ़ीवादी बन्धन र त्रासले, सामाजिक धर्म र आदर्शको नाममा पालन गर्दै आएको बाह्याडम्बरले थिचिएर निमुखा भएकी कुन्ती आज यसैको विरोध गर्दै स्वतन्त्रताको चाहना राख्छे। उनको यो कार्यले रूढ़ी विरूद्ध विद्रोहको आवाज उठाएको छ; नारीको सामाजिक स्वतन्त्रताप्रति आस्था राखेको छः-

छैन डर-भय-त्रास मलाई लोकलाजको
कसको त्रास यहाँ?
केको डर मलाई - यो अन्धो समाजको
उद्घाटन गर्दछु सत्य आज मै यो... ।

-'कर्ण-कुन्ती'

समाजका कतिपय रूढ़ी, बाह्याडम्बरलाई सामाजिक मान्यता, आदर्श भनेर मान्ने भ्रमित परम्पराको पर्दाफास गरेर मानवोचित, मानवोपयोगी समाजको निर्माणमा विश्वस्त छन् कवि। यसैले कर्णलाई माध्यम बनाएर आफ्नो विद्रोहात्मक भाव स्थापित गर्न चाहन्छ -

समाज ? यो हामीले नै लाएको बन्धन हो आमा
हामीले नै बटारेका डोरी हुन् यी सबै

-'कर्ण-कुन्ती'

हामीले नै समाजका सरल र सहज मूल्य र मान्यताहरूलाई बटारेर जटिलता प्रदान गरेका हौं। यसैले यसलाई फेरि मानवोचित सरलता प्रदान गर्नु एउटा विद्रोहको आवश्यकताबोधले झकझकाउने उत्तरदायित्व लिन्छन् कवि।

समग्रमा तुलसी 'अपतन'-का तेस्रो चरणका काव्यकृतिहरू सामाजिक तुमुल परिवर्तनको निम्ति आह्वानको अपूर्व दृष्टान्त हो, सामाजिक चेतले साहित्यिक मर्यादा पाएको यथार्थ हो। यस चरणका काव्यकृतिको एउटा प्रमुख प्रवृत्तिगत विशेषता हो सामाजिक चेतको प्रबलता।

---

२४. बासुदेव त्रिपाठी, 'मन्तव्य', **कर्ण-कुन्ती**

(इ) मनोवैज्ञानिकता

मनोविश्लेषण, मनोविज्ञान आधुनिक साहित्यको एक विशेष विशेषता हो। कुन्ती बेकसुर भएर पनि दण्डित हुने डरले सारा जीवन आन्तरिक द्वन्द्व र मानसिक तनावले ग्रस्त छे अनि अन्तमा सत्योद्घाटन गर्ने मानसिकता तयार गरेर कौरव शिविर जान्छे।

तर एक निरीह आत्मामा छ पीड़ा अनगन्ती
अर्कै चिन्ता र छटपटी ... अशान्ति र भुट्भुटी
एक असहनीय अस्वस्ति भोगिरहिछन् अशान्ति
जो गहिरिँदो छ हरघड़ी - भित्रभित्रै गाड़े पल्टिरहेछ
पार्दै छिया-छिया सबै...
कुँजोलाई उठी सुख न बसी सुख भई
सहिरहिछिन् - आँखा चिम्ली
गाँठो पारी मुटुमा... दाह्रा किटी
छातीमा राखी ठूलो ढुङ्गा... ।

यहाँ कुन्तीको मानसिक अवस्थालाई सर्वाङ्ग रूपमा उद्भासित गरिएको छ, उसको मानसिक द्वन्द्वात्मक स्थितिको कवितात्मक प्रस्तुति पाइन्छ। समाजिक बन्धन, लोकापवादको त्रास, प्रायश्चित, मातृ कर्तव्य, सन्तान-प्रेम, उत्तरदायित्व बोधको सम्मिश्रित लेखाजोखाभित्र गुजुल्टिएको कुन्तीको मनोस्थितिको चित्रात्मकता पाइन्छ-

'कुँजोलाई उठी सुख न बसी सुख'-जस्ता लोकोक्ति प्रयोगमा।

कुन्तीद्वारा सत्योद्घाटित भइसकेपछि विभाजित अस्तित्व लिएर कर्ण मानसिक द्वन्द्वको चपेटमा परेर विचलित बन्छ। कर्तव्य र समवेदनाको दोसाँधमा आफैलाई हराउन खोज्ने मनोस्थितिमा पुग्छ।

आउँछु... जननी, मेरी आउँछु म अवश्य आउँछु लौ
बस्न म आफ्नै साक्खै आमाको न्यानो काखमा संधैभरि
मलाई रोक्न सक्तैन कसैले पनि आज कसै गरी
यो जन्मसिद्ध अधिकार मेरो - खोस्न सक्तैन कुनै शक्तिले।

भनेर मनोबल तयार गर्ने कर्ण फेरि -

सून माता त्यागी राज-माता जननी भनें भने - अन्धो भई
आफ्नै स्वार्थमा... अन्याय हुन जानेछ राधाप्रति अपूरणीय अनाहक

भन्न पुग्छ मानसिक द्वन्द्वको निष्कर्षमा।

आफ्नो गुप्त पुत्र कर्ण र आफ्ना प्रकट पञ्च पाण्डव पुत्रका बीचको निर्णायक घात-प्रतिघातको संभाव्य स्थितिमा कुन्तीलाई यहाँ जसरी अन्तर्द्वन्द्वशील बनाई ब्यूँझाइएको छ त्यो मनोवैज्ञाविक दृष्टिले प्रभावशाली छ।[२५]

प्रतिष्ठित सामाजिक परम्पराप्रतिको प्रतिक्रियात्मक मानसिक चिन्तन, मानवीय मूल्यबोधको ह्रासोन्मुखताले खल्बल्याएको कविको मानसिकता अनि मानवताको स्थापनाको आवश्यकताबोधले पाएको मानसिक प्रबलताले भाषा र अभिव्यिक्ति पाएको छ तुलसी अपतनको मिनी खण्डकाव्य संग्रह 'बुद्धि बङ्गारो'-मा।

यही मातृ-विह्वल चेतनाधाराकै कारणले होश नराख्दा कर्णको रथ हिलोमा गड्देको देखाई काव्यकारद्वारा थप मनोवैज्ञानिक पुट दिन खोजिरहेको पनि छ।

(ई) बोलचालको भाषा (गद्यात्मकता):

आधुनिक साहित्यको प्रमुख विशेषताभित्र पर्ने बोलचालको भाषा तथा गद्यात्मक भाषा प्रयोगलाई आफ्नो कवितायात्राको दोस्रो चरणदेखि नै प्रश्रय दिएर आधुनिकतातिरको आग्रहलाई प्रमाणित गर्ने तुलसी अपतनले तेस्रो चरणका आफ्ना कृतिहरूमा यो विशेषताको विकसित र स्थापित रूप प्रस्तुत गर्न सफल भएका छन्। कर्ण-कुन्तीमा शब्दको अभिधात्मकता र लाक्षणिकतामा नै बोलचालको भाषा प्रतिष्ठित छ भने व्यञ्जनात्मकताले बोलचालको भाषालाई बढ़ी मर्यादित तुल्याएको छ **बुद्धि बङ्गारो**-मा

कर्ण - *'को हौं मातः?*
को हौं ... तिमी? - यहाँ यस कर्णद्वारमा?
के कष्ट छ हजूरलाई? -
'कर्ण-कुन्ती'

कुन्ती- *छ... पूर्ण अधिकार छ तिम्रो*
तिमी पूर्ण हकदार हौ पाण्डव जतिकै
मेरो माया-ममता स्नेहको...
पाण्डव जस्तै अधिकार छ ममाथि सम्पूर्ण तिम्रो

२५. बासुदेव त्रिपाठी, पूर्ववत्, पृष्ठ १४-१५.

यो ईश्वर प्रदत्त हक हो रक्तको ... एकै रक्त प्रवाहको
आकर्षण शक्ति हो... खोसेर खोसिन्न यो

यी संवादहरूलाई मर्यादित तुल्याएको छ संप्रेषणीयताको गुण भरेर, साधारण बोलचालको भाषाले यसलाई प्राणजल प्रदान गरेको छ। 'कर्ण-कुन्ती'-लाई नाटकीयताको संरचनात्मक परिपाटीमा पूर्णत: सफलता दिलाउनुमा यो भाषिक प्रयोगको ठूलो भूमिका रहेको छ भने बुद्धि बङ्गारोको सफलता पनि बढ़ी मात्रामा यही विशेषतामा निर्भरित छ। निम्नलिखित सोदाहरण यस तथ्यको प्रमाण हुन्-

आँखा उघारी हेरेको त मेरो आफ्नै साथी बालसखा।
हामी एकै आँतका भने पनि हुन्छ -
जन्मँदैको साथी ...
भात खान्थ्यौं एउटै थालमा -
पढ्थ्यौं एउटै पुस्तक
सोच्थ्यौं एउटै कुरा - हिँड्थ्यौं एउटै बाटो।

'बुद्धि बङ्गारो'

कर्ण र कुन्तीको मानसिक द्वन्द्व अनि मनोवैज्ञानिक पक्षलाई कलात्मक ढंगमा चित्रित गर्नमा बोलचालको भाषिक विशेषताले अनुकरणीय भूमिका निभाएको छ। यसरी साधारण बोलचालको भाषागत विशेषता र गद्यात्मकताले विषयको प्रतिपादनमा सहजता ल्याएर पाठक र श्रोतालाई आकृष्ट र वैशेषिक गुणले तुलसी अपतनको तेस्रो चरणका काव्ययात्रालाई बढ़ी प्रशंसनीय र समसामयिक बनाएको छ।

(उ) विद्रोहात्मकता

विद्रोहात्मक प्रवृत्तिले तुलसी 'अपतन'-को तेस्रो चरणको काव्ययात्रालाई बढ़ी प्रभावशाली बनाएको छ। परम्परागत रूढ़ी, सामाजिक कुसंस्कार, आजका मानवमा आएको उदासीनता र पाशविकता, वैचारिक निकृष्टता आदि अमान्य र अग्राह्य विषयहरूको विरोधको भावभूमिमा नै कविको यो काव्यिक चरण फस्टाएको छ। कवि चाहन्छ, यहाँ मानवीय मूल्यबोधले प्लावित समाजको स्थापना, मानवताको संरक्षण; रूढ़ी, अन्धविश्वास, कुसंस्कार, बाह्याडम्बरको नाश अनि सभ्य र सुसंस्कृत वातावरणमा मानव अधिकार र कर्तव्यको पुनर्मूल्याङ्कन। यसैले भन्छन् -

यत्नपूर्वक लाइएका अघिका पर्खाल सबै ढले...
भित्ताहरू सबै लड़े ग्वार्लाम्म

(कर्ण-कुन्ती)

ध्वंसको खरानीमा लटपटिएको
आफ्नै पुत्रको रक्तले भिजेर डल्लिएको
चाहिन्न सम्मान मलाई खोक्रो त्यो
छैन डर-भय-त्रास मलाई लोकलाजको
कसको त्रास यहाँ?
के को डर मलाई यो अन्धो समाजको
उद्घाटन गर्दछु सत्य आज मै यो।

'कर्ण-कुन्ती'

यहाँ नारी प्रबलताले जन्माएको विद्रोहात्मकताले एउटा नौलो दिशा निर्देश गर्छ।

नराम्रोसित लड्छु - असत्यसित।
राम्रोको पक्ष लिन्छु - सत्यको।

'बुद्धि बङ्गारो'

कान थुनेर संघर्ष हुँदैन बुझिस्?
कान खोलेर सुन्नुपर्छ त्यसको कुरा -
कान ठाड़ो पारेर बुझ्नुपर्छ - मनमा गुन्नुपर्छ त्यसको कुरा
भन्न सक्नुपर्छ त्यसको मुखैमा
त्यसको मुखमा यो बुच्चो कोचार्न सक्नुपर्छ।

'बुद्धि बङ्गारो'

शुभारम्भ होस् बरू कुनै नवीन खेल अन्याय
कम से कम मबाट अब हुन सक्दैन यो जुलुम
संस्कृतिको पवित्र नाममा धर्मको ढोंगी आचरणमा
सभ्यताको अहंकारमा ऊँच नीचको पखाल लाउँदै
मानिसले खेलेको खाडले खेल अब म खेल्दिनँ
खेल्न दिन्नँ विश्वासको पवित्र नाममा अब म
अन्धविश्वासको पट्टी बाँधी कलंकको मोसो दल्न दिन्नँ
यो खेलको नै पार्छु अन्त्य
मचिन दिन्नँ म फेरि यो उधुम।

'डुम...डुमरा....डुम'

दृढ़ विद्रोहात्मकताको उपज हुन गएको यस कालावधिको काव्यकृतिले तुलसी 'अपतन'-को वैचारिक उच्चतालाई महिमामण्डित तुल्याएको छ।

(ख) आमाको महत्ता

उक्त आधुनिकतावादी प्रवृत्तिहरूबाहेक तेस्रो विश्व नारीवादका प्रवृत्तिले पनि तुलसी 'अपतन'-का तेस्रो चरणका काव्ययात्रामा नौलो आयाम थपेको छ।

पूर्वीय सिद्धान्तको, संस्कृतिको सापेक्षतामा नारीवाद-लाई स्थापित गर्ने क्रममा तेस्रो विश्व नारीवाद (Third World Feminism) को प्रवृत्तिहरूमध्ये आमाको महत्ताले विशिष्टता पाएको छ। यो प्रवृत्तिगत विशेषता **कर्ण-कुन्ती** र **बुद्धि-बङ्गारो**का एउटा सशक्त पक्ष हुनुसकेको छ।

कर्ण-कुन्तीमा आमाको महत्तालाई उद्‌भासित गरिएको छ। आफ्नै आमाद्वारा परित्यक्त भएर जीवनभर उपहास र तिरस्कारले रक्तरञ्जित हुनु परे तापनि कर्णको हृदयमा कुन्तीप्रतिको श्रद्धा यस्तो प्रबल छ-

लिनुभन्दा दिनु उत्तम मनुष्यता मातृ ऋण तिर्नमा।
'कर्ण-कुन्ती'

किनकि कर्णलाई लाग्छ -

माता एक अलौकिक शब्द नैसर्गिक प्रतिच्छवि माया कामना प्रेमको।
'पूर्ववत्'

ममतामयी चारित्रिक विशेषताको सठीक मूल्याङ्कन गर्दै समाजमा नारी (आमा)-लाई शीर्षस्थ स्थान दिने नारीवादी वैचारिक धारालाई प्रश्रय दिइएको छ यहाँ। समालोचक शरद् छेत्री लेख्छन् - यसै मातृप्रेमले विह्वल कर्णको वीरगति प्राप्तिको घटनासम्म ल्याएर खण्डकाव्य समाप्त गरिएको छ। आफ्नो मरणलाई समेत - ''मैले राखें सम्पूर्ण वचन मेरो अघि दिएको तिमीलाई'' (पृ० ८८) भन्दै मातृराग उद्वेलित पार्न लाएर पराक्रमी कर्णलाई शीर्षस्थ स्थानमा राख्ने कुशलता खण्डकाव्य 'कर्ण-कुन्ती'अन्तर्गत निर्वाह गरिएको पाइन्छ।[२६]

सबैभन्दा राम्रो लाग्थ्यो आमालाई... स्नेहमयी साक्षात्
देवी स्वर्गकी - माया-ममता प्रेम स्नेह डल्लिएर
बनिएको एक अपूर्व सुन्दर मायालु प्रतिमूर्ति ... अलौकिक

२६. शरद् छेत्री, ''सन्दर्भ तुलसी 'अपतन' लिखित खण्डकाव्य 'कर्ण-कुन्ती, **प्रक्रिया** (सम्पादक : वीरभद्र कार्कीढोली) वर्ष ४, अङ्क ६

सधैँ हेरिरहूँ जस्तो - कहिल्यै नअघाइने
सधैँ टाँसिरहूँ जस्तो - कहिल्यै अमन नहुने
सधैँ काखैमा लुटुपुटु गरिरहूँ जस्तो...
माया लाग्थ्यो साह्रै...
असाध्यै राम्रो लाग्थ्यो...
बयानै गर्न नसकिने - अवर्णनीय
अतुलनीय...
साह्रै माया लाग्थ्यो - राम्रो गर्दा पनि, नराम्रो गर्दा पनि

'बुद्धि बङ्गारो'

आमाको इच्छा पूरा गर्न - आमालाई खुशी पार्न।
आमाको अनुहार सदैव उज्यालो राख्न।
मैले वचन दिइसकेको छु -
प्रतिज्ञा गरिसकेको छु।

'बुद्धि बङ्गारो'

आमाको महानता, ममतामयी स्वरूपप्रतिको श्रद्धापूर्ण अभिव्यक्तिहरूमा आजको भ्रमित, स्वार्थी मानवमाझ कर्तव्य र मानवताको नौलो मूल्यबोधलाई पनि लाक्षणिक प्रस्तुति दिइएको छ यहाँ।

बिम्ब विधान

बिम्बले कथनलाई शक्ति र बोधगम्यता प्रदान गर्ने कुरो बुझेका तुलसी 'अपतन'-ले आफ्नो काव्य यात्राको दोस्रो चरणबाट नै बिम्ब विधानको विशेषताले एउटा नयाँ आयाम थप्ने काम गर्दै तेस्रो चरणमा आइपुग्दा यो विशेषता वयस्क भएको पाइन्छ। देशज, पारम्परिक, अपराम्परिक बिम्बहरूको प्रयोगले यस कालावधिका काव्यकृतिले विशिष्टता पाएको छ। यस विषय आगामी अध्यायमा सविस्तार गरिनेछ।

प्रतीक प्रयोग पनि यस कालावधिको एउटा विशेषता रहेको छ तुलसी 'अपतन'-का काव्यजगत्मा। प्रतीकहरूको सठीक प्रयोगले कविको भावनात्मकतालाई अभिव्यक्ति दिने काम भएको छ। आगामी अध्यायमा नै यसको विश्लेषण गरिनेछ।

कर्मवादलाई पुष्टता दिने काममा पनि तुलसी 'अपतन'ले यसै कालावधिलाई विशेष रोजेका छन्। गीताको कर्मवादमा विश्वस्त कवि कर्णको मुखबाट भन्छन्-

जन्ममा छैन अधिकार, आमा
मेरो अधिकार छ कर्ममा सगौरव

'कर्ण-कुन्ती'

दार्शनिक चिन्तनधाराले पनि प्रस्तुत काव्यकृतिहरूमा प्रश्रय पाएको छ–

हामी त केवल निमित्त मात्र हौं –
कठपुतली सारा अदृश्य महाशक्तिको
जस्तो नाच नचाउँछ – उस्तै नाच नाच्दछौं...।

'कर्ण–कुन्ती'

व्यञ्जनात्मक र व्यङ्ग्यात्मकता बुद्धि बङ्गारोमा बढ़ी प्रखर भएको पाइन्छ। यसको सफलताको कारणहरूमध्ये यो वैशेषिक आधार मुख्य देखिन आएको छ। कविका भावलाई जीवन्तता दिनुमा यसको ठूलो भूमिका रहेको छ। आगामी अध्यायमा शैलीगत विशेषताभित्र यसको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिने छ।

तुलसी अपतनको काव्ययात्राको प्रवृत्तिगत विशेषताहरूको अध्ययनले प्रमाणित गर्छ आफ्नो आधा शताब्दीको काव्यसाधनामा नेपाली साहित्यलाई सम्पन्नता दिलाउने काममा उनको भूमिका अग्रणी रहेको छ। नि:स्वार्थ भावले प्रेरित साहित्य सेवामा संलग्न रहने कविजीका कृतिहरू विभिन्न आयामको नमूना, विभिन्न प्रयोगको प्रमाण हुन् जसले उनका समकालीन र उत्तरवर्ती नेपाली साहित्यका सर्जकहरूलाई दिशा निर्देशकको काम गरेको छ।

५.४ निष्कर्ष

कवि तुलसी 'अपतन'–को कवितायात्रालाई मूलत: तीन चरणमा विभाजन गर्न सकिन्छ। सन् १९४३ देखि **के होला ?** (सन् १९५९) प्रकाशनकालसम्म प्रथम चरण, सन् १९६० देखि **नहेर आज मलाई** (सन् १९७६) सम्मको दोस्रो अनि सन् १९७७ देखि **बुद्धिबँगारो** (सन् १९९३) को समय तेस्रो चरण हो। उनका प्रथम चरणका कविताहरूमा शास्त्रीयवादी अनि रोमाण्टिसिज्मका प्रवृत्तिहरू, दोस्रो चरणका कविताहरूमा स्वच्छन्दतावादी अनि आधुनिकतावादी प्रवृत्तिहरू पाइन्छन् भने तेस्रो चरणका कविताहरूमा आधुनिकतावादी प्रवृत्तिहरू बढ़ी टड्कारो भएको पाइन्छन्।

प्रथम चरणका कविताहरूमा भक्ति वा शान्त र करुण रसको परिपाक भएको छ साथै छन्द र अलङ्कारप्रतिको आग्रह पनि स्पष्ट देखिन्छ। भाषिक सरलता यस चरणका कविताहरूका एउटा विशेषता हो। दोस्रो चरणमा छन्दको आकृष्टिबाट मुक्त हुन नसके पनि गद्यकविता लेखनको प्रारम्भले उनको कवितागत विशेषतामा नवीनता आएको छ। सरलता, कलात्मकता यस चरणका भाषिक विशेषताको रूपमा पाइन्छ। तेस्रो चरणका विवेच्य दुई काव्यकृतिहरू **कर्ण–कुन्ती** र **बुद्धिबँगारो**मा पनि भाषिक सरलता, गद्यात्मकताले कवितालाई जीवन्त रूप दिएको छ भने नाटकीयता र औपन्यासिकता साथै ब्यङ्ग्यात्मकता कविको यस चरणको काव्यिक विशेषताको रूपमा पाइन्छ।

●